# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क १५ पूर्णाङ्क ६४ | २०७४ असोज ९ गते सोमबार | Monday, September 25, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## आफ्नै सूचना

**चाडपर्व र प्राविधिक कारणले गर्दा हाम्रो नियमित अंक आगामी असोज ३० गते मात्र प्रकाशित हुने सम्पूर्ण पाठक, विज्ञापनदाता एवं वितरकहरूमा जानकारी गराउन चाहन्छौं ।**

*– सम्पादक, वर्गदृष्टि साप्ताहिक*

# प्रदेश र संसदीय निर्वाचनको उपयोग गर्ने क्रान्तिकारी माओवादीको निर्णय

## देजमोद्वारा उम्मेदवार चयन र प्रचार प्रसारका लागि समिति गठन



**● वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ले आगामी मंसिर १० र २१ गते दुई चरणमा हुने प्रदेश र संसदीय निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने भएको छ । क्रान्तिकारी माओवादीको बिहीबार सम्पन्न केन्द्रीय कार्यालयको बैठकले प्रदेश सभा र प्रतिनिधिसभाको निर्वाचनको पनि क्रान्तिकारी उपयोग गर्दै संविधानका गलत पक्षको भण्डाफोर र नयाँ जनवादी क्रान्तिको तयारी गर्ने निर्णय लिएको हो ।

पार्टी कार्यालय बुद्धनगरमा बुधबार र बिहीबार गरी दुई दिनसम्म चलेको बैठकले पार्टीको राजनीतिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल मार्फत् स्थानीय तहको निर्वाचन जस्तै प्रदेश र संसदीय निर्वाचनको पनि क्रान्तिकारी उपयोग गर्ने निर्णय गरेपछि त्यसको तयारी समेत सुरु भएको छ ।

स्थानीय तहको निर्वाचनमा दलीय चुनाव चिन्ह नपाएपछि स्वतन्त्र हैसियतमा निर्वाचनको उपयोग गरेको मोर्चाले प्रदेश र प्रतिनिधिसभाको निर्वाचनका लागि भने दलीय हैसियतमा 'मुठ्ठी' निर्वाचन चिन्ह लिएर मैदानमा उत्रिन लागेको हो ।

निर्वाचन आयोगमा दल दर्ता भएपछि मोर्चाले यस अघि नै समानुपातिक निर्वाचनको पनि उपयोग गर्ने भन्दै निर्वाचन आयोगमा दर्ता गरिसकेको छ । पार्टीको सचिवालयको बैठक सकिएलगत्तै बिहीबारै बसेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको बैठकले पनि प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन उपयोग गर्ने निर्णय लिएको छ । मोर्चाका अध्यक्ष सीपी गजुरेलको अध्यक्षतामा केन्द्रीय कार्यालय बुद्धनगरमा बसेको बैठकले निर्वाचनलाई लक्षित गर्दै महत्वपूर्ण निर्णय लिएको छ ।

मोर्चाको केन्द्रीय कार्यालयले प्रतिनिधि सभा र प्रदेश सभा संरचनाहरूको समानुपातिक सूची जिल्ला जिल्लाले असोज १७ गतेसम्म केन्द्रीय कार्यालयमा पठाइसक्नु पर्ने निर्णग गरेको छ ।

यसैगरी निर्वाचनको उपयोगका लागि आवश्यक तयारी गर्नका लागि मोर्चाले विभिन्न उपसमितिहरू समेत गठन गरेको छ । जस अनुसार निर्वाचन घोषणा *...बाँकी ७ पेजमा*

## देजमोका उम्मेदवार राजदेव यादव विजयी

काठमाडौं । असोज २ गते सम्पन्न २ नं प्रदेशको स्थानीय तह निर्वाचनमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारले विजय प्राप्त गरेका छन् । महोत्तरीको सोनमा गाउँपालिका वडा नं ८ का उम्मेदवार राजदेव यादव वडाध्यक्षमा निर्वाचित भएका हुन् । उनले ४६१ मत प्राप्त गरी विजयी भएका हुन् ।

## तेस्रो हुन्छौं : *प्रचण्ड*

**● वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले आगामी निर्वाचनपछि आफ्नो पार्टी तेस्रो बन्ने बताएका छन् । यसअघि पहिलो पार्टी बन्ने दाबी गर्दै आएका उनले स्थानीय तहको निर्वाचनको परिणाम सार्वजनिक भएलगत्तै पार्टीले पहिलो बन्ने अवस्था नरहेको मूल्यांकनसहित तेस्रो बन्ने उल्लेख गरेका हुन् ।

उनले केन्द्रीय संसद र प्रदेशको निर्वाचनमा आफ्नो पार्टीको पहिलो हुने सम्भावना नरहेको स्वीकार गर्दै 'कसैले हेप्न नसक्ने' र सरकार सञ्चालनमा निर्णायक तेस्रो पार्टी बन्ने बताए ।

उनले भने, ' हुनु *...बाँकी ३ पेजमा*

## नयाँ सवारी चालक अनुमतिपत्र वितरण बन्द



काठमाडौं । यातायात ब्यवस्था विभागले नयाँ सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को वितरण आइतवारदेखि १५ दिनको लागि रोकेको छ । ट्राफिक प्रहरीहरू दशैंका लागि फिल्डमा खटिनुपर्ने भन्दै असोज २२ गतेसम्म लाइसेन्सको वितरण कार्य रोकिएको हो ।

अब २२ गतेपछि विभागले फेरि नयाँ लाइसेन्सको वितरण सेवा सुचारु गर्ने विभागले जानकारी दिएको छ । विभागले एकान्तकुना यातायात *...बाँकी ७ पेजमा*

## शिक्षा ऐन संशोधनविरूद्ध अखिल (क्रान्तिकारी) सहित

# पाँच विद्यार्थी संगठन आन्दोलनमा

**● वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) सहित पाँच विद्यार्थी संगठनले शिक्षा ऐन नवौं संशोधनविरुद्ध आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् ।

अखिल (क्रान्तिकारी) को केन्द्रीय कार्यालय बागबजारमा शुक्रबार बसेको पाँच विद्यार्थी संगठनको बैठकले शिक्षा ऐनविरुद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो ।

संयुक्त विद्यार्थी आन्दोलनमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) नयाँ शक्ति निकटको नयाँ शक्ति विद्यार्थी युनियन, राजपा निकट राजपा विद्यार्थी संगठन र संघीय समाजवादी पार्टी निकट समाजवादी विद्यार्थी फोरम नेपाल रहेका छन् ।



संयुक्त आन्दोलनका कार्यक्रम घोषणा गर्दै जारी गरिएको विज्ञप्तिमा अखिल (क्रान्तिकारी) का अध्यक्ष सेवन्तराज भण्डारी, विप्लवको नेकपा निकट अखिल (क्रान्तिकारी) का अध्यक्ष पूर्णबहादुर सिंह, समाजवादी विद्यार्थी फोरम नेपालका तर्फबाट विवेक राई, नयाँ शक्ति विद्यार्थी युनियनका अध्यक्ष श्यामबाबु गौतम र राजपा विद्यार्थी संगठनका तर्फबाट अध्यक्ष मनिष मिश्रले हस्ताक्षर गरेका छन् ।

बैठकले संशोधित शिक्षा ऐनविरुद्ध शनिबार दिउँसो ३ बजे शान्तिवाटिकामा प्रदर्शन तथा ऐन जलाउने, उच्च स्तरीय शिक्षा आयोगबाट राजीनामा दिने *...बाँकी ७ पेजमा*

## बोक्सीको आरोपमा मानव अधिकारकर्मीमाथि कुटपिट

**● वर्गदृष्टि संवाददाता**

काठमाडौं । वर्सेनि दर्जनौं सर्वसाधारण महिलामाथि बोक्सीको आरोपमा कुटपिट गर्ने र मलमुत्र खुवाउने आपराधिक क्रियाकलाप हुने गरेका छन् । तर पर्सामा भने महिला मानवअधिकारकर्मीमाथि नै यस्तो जघन्य अपराधको घटना घटेको छ । महिला मानव अधिकारकर्मीहरूको जिल्ला सञ्जाल पर्साकी सदस्य, राजकुमारी उपाध्यायमाथि बोक्सीको आरोपमा कुटपिट भएको हो । शनिवार मध्यरातमा उपाध्यायसँगै सोही घरमा डेरा गरी बस्ने सोनु कार्की विरामी भएको बहानामा मानवअधिकारकर्मी उपाध्यायमाथि नै बोक्सीको आरोपमा कुटपिट भएको महिला मानव अधिकारकर्मीहरूको राष्ट्रिय सञ्जालले जनाएको छ ।

संजालले विज्ञप्ति जारी गर्दै उपाध्यायमाथि भएको व्यवहार अमानवीय र कानुन विपरित भएको भन्दै पीडकलाई तत्काल कारवाही गर्न माग गरेको छ । घटनामा संलग्न रहेका कार्कीका श्रीमान् भोगेन्द्र सशस्त्र प्रहरीमा कार्यरत रहेका छन् । सञ्जालले भनेको छ, 'शान्ति सुरक्षा दिने जिम्मेवार पदमा रहेको नेपाल सरकारको एक कर्मचारीले यो प्रकारको हिंसा गर्नुबाट आम हिंसा पीडित महिलाहरूको न्यायको ढोकासम्म कसरी पहुँच हुन सक्छ भन्ने गम्भिर प्रश्न खडा भएको छ ।' *...बाँकी ३ पेजमा*

# कोरियाली आकाशमा अमेरिकी युद्धक विमान



**● एजेन्सी**

बमवर्षक तथा युद्धक विमानलाई शक्ति प्रदर्शन गर्ने उद्देश्यले शनिबार उत्तर कोरियाली सामुद्रिक सीमानामा पर्ने आकासमा अमेरिकाद्वारा उडाइएको छ । ती विमान अमेरिकी क्षेत्र गुआम र ओकिनावा जापानबाट उडेका बताइएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्दै केही दिनपहिले उत्तर कोरियाली गतिविधि यसरी नै अघि बढिरहे *...बाँकी ३ पेजमा*

# राष्ट्रिय सम्मेलन सफल पारौं

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को राष्ट्रिय सम्मेलन यही असोज २२ देखि पोखरामा सम्पन्न हुँदैछ । सम्मेलनको मुख्य नारा यस प्रकार छ : ***'साम्राज्यवाद, विस्तारवाद र सामन्तवादका विरुद्ध नयाँ जनवादी क्रान्तिको तयारी गरौं, दक्षिणपन्थी संशोधनवादको भण्डाफोर गर्दै नयाँ, एकताबद्ध र क्रान्तिकारी पार्टीको निर्माण गर्न ऐतिहासिक राष्ट्रिय सम्मेलन सफल पारौं ।'***

***नयाँ जनवादी क्रान्तिको तयारी गर्दा साम्राज्यवाद, विस्तारवाद र सामन्तवादका विरूद्ध उभिनसक्ने सबै शक्तिहरूलाई हामीले गोलबन्द गर्नेपर्दछ । संयुक्त मोर्चाद्वारा हामीले साम्राज्यवाद तथा सामन्तवादविरोधी शक्तिहरूलाई गोलबन्द गर्न सक्छौं ।***



**● रामसिंह श्रीस**

यो मुख्य नाराबाट प्रष्ट हुन्छ कि राष्ट्रिय सम्मेलनको मुख्य दुई वटा कार्यभार रहेका छन् । एउटा नयाँ जनवादी क्रान्तिको तयारी गर्ने र अर्को नयाँ एकतावद्ध र क्रान्तिकारी पार्टीको निर्माण गर्ने । नयाँ जनवादी क्रान्तिको तयारी गर्न साम्राज्यवाद, विस्तारवाद र सामन्तवादका विरुद्ध निर्मम संघर्ष गर्न जरुरी रहेको छ । साम्राज्यवाद, विस्तारवाद र सामन्तवादविरोधी सम्पूर्ण शक्तिहरूलाई गोलबन्द गर्न जरुरी छ । नेपालको सन्दर्भमा साम्राज्यवाद र विस्तारवादको विरुद्ध संघर्ष गर्ने भनेको तीनका दलालहरूका विरुद्ध पनि संघर्ष गर्नु हो । नेपालको राज्यसत्ता अहिले पनि मूलतः दलाल नोकरशाह पुँजीपति तथा सामन्त वर्गको हातमा नै छ । यसमा पनि दलाल तथा नोकरशाह पुँजीपति वर्ग हाबी छ । अहिले सरकारमा सहभागी र प्रमुख प्रतिपक्षी दलहरूले यिनै दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको स्वार्थको पक्षमा काम गरिरहेका छन् र साम्राज्यवाद र विस्तारवादको दलाली गरिरहेका छन् र उनीहरूको अगाडि आत्मसमर्पण गरिरहेका छन् । प्रचण्ड र शेरबहादुर देउवाले प्रधानमन्त्रीको हैसियतले भारत भ्रमण गर्दा गरेको सहमति यसका उदाहरण हुन् । साम्राज्यवाद र विस्तारवादका दलालहरूका विरुद्ध पनि संघर्ष गर्न नित्तान्त जरुरी छ । त्यसकारण राष्ट्रिय सम्मेलनमा साम्राज्यवाद, विस्तारवाद र सामन्तवादका विरुद्ध संघर्ष गर्न कुन प्रकारको नीति र कार्यक्रमहरू बनाउने भन्ने विषयमा केन्द्रित हुनेछ र हुनुपर्छ । त्यसका साथै साम्राज्यवाद र विस्तारवादका दलालहरू को को हुन्, त्यसको पहिचान गर्ने, तिनको विरुद्ध गर्ने संघर्षको योजना बनाउने कुरामा सम्मेलनमा गम्भीर रूपमा छलफल गर्ने र नेपालको वस्तुगत यथार्थसँग मेल खाने सही नीति र कार्यक्रम बनाउने कुरामा प्रतिनिधिहरूले विशेष ध्यान दिनुपर्छ । दुश्मनकाविरुद्ध संघर्ष *...बाँकी ७ पेजमा*

## सम्पादकीय

# स्थानीय तह निर्वाचनको सन्देश

करिब २० वर्ष लामो समयावधिपछि तीन चरणमा गरेर स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । गत बैशाख ३१ गते देखि सुरु भएको स्थानीय तहको निर्वाचनको क्रममा असोज २ गते प्रदेश नम्बर २ का १३६ स्थानीय तहको निर्वाचनपछि सम्पन्न भएको छ । स्थानीय तहमा जनप्रतिनिधि नहुँदा जनताका कामकाजमा जटिलता आएको भन्दै स्थानीय तहको निर्वाचन गराइएको हो । अहिलेको स्थानीय तहको निर्वाचनमा गाउँगाउँमा सिंहदरबारको नारा समेत लगाइएको थियो । जनताले स्थानीय तहको निर्वाचनमा उल्लेख्य सहभागिता समेत जनाएका छन् । तर चुनाव जित्नका लागि गरिएका हत्कण्डाले प्रजातान्त्रिक शासन प्रद्धति र निर्वाचनको सामान्य मूल्य मान्यताको समेत धज्जी उडाएको छ ।

प्रदेश नम्बर २ को स्थानीय तहको निर्वाचनसम्म आइपुग्दा त यो कुनै प्रजातान्त्रिक शासन व्यवस्थामा जनप्रतिनिधि चयनका लागि भन्दा पनि शताब्दीयौं पुरानो राजतन्त्रात्मक व्यवस्थामा सामन्त चयन गर्न गरिएजस्तो साम, दाम, दण्ड, भेद सबै हत्कण्डा अपनाइएका छन् र सामान्य रूपमा आर्थिक व्यवस्थापन गर्नेहरूले निर्वाचन लड्नै नसक्ने अवस्था सिर्जना भएको छ । यसले निर्वाचनलाई भ्रष्टिकरण गर्ने देखिन्छ भने राजनीतिक दलका उम्मेदवारहरूलाई दलालीकरणतर्फ उन्मुख गराएको छ । यही अवस्था कायम रहने हो भने अब ठालु, गुण्डा, तस्कर, नवधनाड्य र सामन्तबाहेकले निर्वाचन लड्न सक्ने अवस्था रहने छैन । दलीय कोपभाजनमा परेर लामो आन्दोलन र अस्थिरता मच्चिएपनि अब स्थिरता आउने संसदवादी दलहरूको दाबी केवल आत्मरति मात्रै हो । हालै तराईमा आएको बाढीपहिरोबाट ठूलो जनधनको क्षति भयो । तर त्यसलाई पूरै बेवास्ता गर्दै दलहरूले तराईका उत्पीडित वर्ग र समुदायका जनतालाई आफ्नो स्वार्थसिद्ध गर्ने माध्यमका रूपमा प्रयोग गर्न सफल भए । सीमित टाठाबाठाहरूहरूले तराईमा भोट खरिद गर्ने व्यापारका रूपमा प्रयोग गरेको, भोज खाएर भोट हाल्न बाध्य पारेको घटना सार्वजनिक हुनुले निर्वाचनको गरिमालाई कतिसम्म ध्वस्त बनाइएको रहेछ भन्ने कुरा प्रष्ट पारेको छ । निर्वाचन आचारसंहिताको धज्जी उडाउनेदेखि अदालतबाटै दोषी ठहर भएकालाई निर्वाचनको मैदानमा उतार्नेमा आफूलाई कथित ठूला भनाउने दलहरू नै अघि देखिए भने राजनीतिक दलहरू समानुपातिक, समावेशिताको प्रावधानलाई वास्तविक उत्पीडित र उपेक्षित वर्ग र समुदायलाई मूल प्रवाहमा ल्याउने भन्दा पनि आफ्नो अभिष्ट पूरा गर्ने माध्यमको रूपमा प्रयोग गरे ।

यसबाट संसदीय निर्वाचन प्रणाली देशका लागि अफाबसिद्ध छ भन्ने कुराको त पुष्टि गरेको छ नै सँगसँगै जनप्रतिनिधिका रूपमा गलत व्यक्तिहरू उदाउने र जनमतको वास्तविक प्रतिबिम्ब नआउने स्पष्ट भएको छ । देशैभर भएको यो निर्वाचनबाट नेपाली समाज अझै पनि परिवर्तन भइसकेको छैन र पुरानै गलत संस्कार, चिन्तन र विचारधाराबाट प्रभावित भएको र प्रगतिशील, क्रान्तिकारी र राष्ट्रवादी जनमत कम रहेको देखाउँछ । हामीले निर्वाचनका नाममा हुने सबैखाले गलत हर्कतहरूको भण्डाफोर गर्दै, नेपाली समाजको क्रान्तिकारी छलाङका लागि नयाँ जनावादी क्रान्तिको तयारी गर्नुको अर्को विकल्प छैन ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।

www.moolbato.com

# चुनाव उपयोग वा बहिष्कार ?



● चन्द्रहरि सुवेदी अटल ●

अक्सर संसदीय निर्वाचन उपयोग वा बहिष्कार गर्नु पर्दा विश्वका क्रान्तिकारी पार्टीहरूले तिनलाई अगाडी सार्छन । लेनिन यस्तो चातुर्दिक नेतृत्व हुनुहुन्थ्यो निर्णय लिइसकेपछि विना हिचकिचाहट र विनामोलाहिजा पुरै घन बजार्नु हुन्थ्यो र बहिष्कार गर्दा संघर्षले चुनाव नै हुन नसक्ने गरी बढार्ने काम हुन्थ्यो भने उपयोग गर्दा संसदवादको धज्जी उडाएर प्रतिक्रियावादीहरूको योजना चकनाचुर पार्ने गरी विधेयकलाई फेल गराएर मजदुर वर्गलाई संसदवादका विरुद्ध सडकमा आन्दोलन सँग जोड्नु हुन्थ्यो जसलाई अवसरवादीहरूले पनि लेनिनको थेगो दोहोर्याउन बाध्य पारिएको हुन्छ सदनदेखि सडकसम्म भनेर । नेपालको हालको अवस्था भनेको प्रतिक्रियाकाल हो । एउटा ठूलो अविश्वास र निराशावाट समय गुज्रिरहेको छ । राजनीतिक पार्टी र नेताहरू प्रति पुरै वितृष्णा छ । राजनीतिक कखरा जान्ने सबै मानिसको जिब्रोमै उखान झुन्डिएको छ "जुन जोगी आएपनि कानै चिरिएको" सिम्मा गिति नाटक गीती नाटक २०३८ को श्लोक जस्तो भएको छ अहिलेको नेपालको गाँउको अवस्था केही जान्ने सुन्ने बल बुद्धि भाका सबैको विदेश बास कसको मुख हेरी ती गाँउले बसोस कसको पो गरोस आस । गाँठे कसको पो गरोस आस ।।। हो आज नेपाली समाजको हालत यस्तै छ । ५० लाख उर्जावात युवा मष्तिष्क विदेशमा गएका छन् जति सुकै अन्याय अत्याचार भएपनि महंगी बढेपनि भ्रष्टचारले नेटो काटेपनि फेसबुक र टुवीटरमा व्यक्तिवादी ढंगले पेटको तीतो फाल्ने बाहेक सडकमा कोही देखा पर्दैन । जलुस र हडताल हुदैनन् रेलिङहरू भाचिदैनन्, सत्ताधारीलाई क्या हाई सन्चो मुर्दाशान्ति छाएकारीलाई क्या हाई सन्चो मुर्दाशान्ति छाएको छ । नेपालीमा एउटा उखान छ 'आकाशको राहु, पातलको केतु एकपटक नपरी कसरी चेतु' भने जस्तो भन्दा पनि बढी भएको छ । टाउको काट्ने र टाउको काटी माग्ने सँगै बसेर कालेकाले मिलेर खाँउ भाले भन्ने बेलामा कसको बाउको के तागत भनेर विदेशमा रगत र पसिना बगाएर नेपालीहरूले पठाएको पैसामा 'चुडामणि शर्मा र गोपाल खड्का' जस्ता सिखाडी मार्फत ९-९ महिनामा सत्तामा बसेर घिच्न पाइरहेकै छन् तीन दलीय सिण्डिकेटवालाहरूले । हो देउवाले एक पटक परेर पनि चेतेनन् ०५२-०५३ सालमा ४८ सदस्य जम्बो मन्त्रीमण्डल बनाएर गरीब नेपालीको उपहास गर्ने भन्सार छुटमा सांसदलाई गाडी छुट दिदा २६५ प्राडो र पजेरोको आगोले संसदीय व्यवस्थालाई नै डढाएको थियो त्यतिखेर नेपाली जनताको अगाडी विकल्प थियो माओवादी जनयुद्ध सारा नेपालीहरूले जनयुद्ध मार्फत आफ्नो आक्रोस पोखे चैतमासको खडेरीको जंगलमा एक झिल्कोले सारा वन डडाएझै देउवाको त्यो निर्णयले जनयुद्धले गुणात्मक छलाङ्ग हानेको थियो । जनयुद्धका नायक प्रचण्ड आफै खलनायकमा बदलिएर प्राडो र पजेरोको विरुद्धमा उर्लीएको जनयुद्धलाई उपहास गर्दे आफै डेढ करोडको प्राडोमा हुईकिएपछि ......लाई भन्दा देख्नेलाई लाज भनेर अर्कापट्टी फर्किएर आँखा छोप्नु बाहेक के पो गर्न सकिने भयो र । त्यसलाई पनि माथ गर्दै देउवाले ५६ सदस्यीय मन्त्री मण्डल बनाएका छन् । भारतमा आज पनि ७० वर्ष अगाडी सन् १९५० मा बनाएको संविधान अनुसार ५४० जना सांसदहरू छन् र १० प्रतिशत भन्दा बढी मन्त्री मण्डल बन्दैन । हाम्रो देशमा डा. बावुराम प्रधानमन्त्री हुदा वडो तर्क गर्दै ४८ सदस्यीय जम्बो मन्त्री मण्डल बनाउदा भनेथे पहिला २६५ को सांसद हुदा ४८ जना जम्बो भयो अहिले त ६०१ जनामा ६० जना बनाउदा पनि जम्बो हुदैन वाह क्या गज्जब तर्क गरेथे मानौ तर्क शास्त्र मै पी.एच.डी गरेझै माडो समाउदा घिउ अडिन्छ भने घिउ समाउदा भाडो किन अडिदैन भनेर पग्लेको घिउ समाएर भाडो अड्याउने व्यर्थको कोशिस । सन् १९५० मा भारतको जनसंख्या ५० करोड थियो, अहिले १ अरब ३० करोड नाघिसक्यो सांसद संख्या उति छ । संविधान बनाउन भनेर १ पटक बनाएको सभासद ६ सय १ को १० प्रतिशत मन्त्री बनाउन नपाएर हाम्रा संसदवादीहरूलाई ठूलो पछुतो भएको छ र केही चप्पलछाप सांसदलाई मन्त्री बनाएर वर्ग उठाउन दिन नपाएकोमा जिन्दगीभरी घिटकिसो बाँकी रहिरहँने भयो । उही भूगोल, उही जनसंख्या नेपाल बढेको छैन बरु जनसंख्या विदेश पलायन भइरहेका छन् । विस्तारवादले जमिन मिचे र बरु केही वर्गमाइल सीमा खुम्चिएको होला, खानलाई बढाउन बाहेक केही घटाउन जानेका छैनन् यहाँका संसदवादीहरूले ।

उसोभए यस्तो बदनाम संसदीय व्यवस्थालाई के गर्ने भनेर नेपाली जनताको अगाडि प्रश्न चिन्ह खडा भएको छ । वर्तमान नेपालको अवस्था अर्धसामन्ती, अर्धऔपनिवेशिक र नवऔपनिवेशिक रहिआएको छ । नेपाली जनताका दुई शत्रु पहाड दलाल नोकरशाही पुँजीवाद र सामन्तवाद मिलेर बनेको घरेलु प्रतिक्रियावाद र साम्राज्यवाद हाम्रो सन्दर्भमा भारतीय विस्तारवादलाई मिल्काएर नयाँ जनवादी गणतन्त्र स्थापनामार्फत नेपालको मुक्ति गर्नु एकमात्र सही मूलबाटो हो । आज यो बाटोमा हिड्नुपर्छ भन्ने एक मात्र पार्टी नेकपा (क्रान्तिकारी माओवादी) हो । अरु कतिपय साना वामपन्थीहरूको पनि यदाकदा पेटबोलीमा यो कार्यक्रम राखे पनि मुखरित आवाज निकाल्न सकेका छैनन् । अन्य आफूलाई 'वाम' भन्ने दक्षिणपन्थी, नवसंशोधनवादी र प्रतिक्रियावादी कम्युनिष्ट पार्टीहरूले सर्वहारावर्गकाके नेतृत्वमा किसान मजदुरको एकतामा सम्पन्न हुने नयाँ जनवादी क्रान्तिको मूल्य र मान्यताको विपरीत वर्तमान प्रतिक्रियावादी संसदीय राज्यसत्तालाई 'नयाँजनवाद' पूरा भएको ढोल पिट्दै नयाँ ढंगले नेपाली जनताको शोषण दमन गर्न गइरहेका छन् । यस प्रकारको सुधारिएको संसदीय व्यवस्था मात्रात्मक हिसाबले संघीयता, धर्मनिरपेक्षता गणतन्त्र समानुपातिक समावेशी भए पनि अन्ततः र मूलतः प्रतिक्रियावादी व्यवस्था नै भएको हुँदा बल प्रयोगद्वारा वर्तमान प्रतिक्रियावादी संसदीय राज्य व्यवस्थालाई बदलेर नयाँ जनवादी क्रान्ति गर्नु नै मूल कामले स्थानीय निर्वाचनको क्रान्तिकारी उपयोग गर्‍यो कैयौ सीमा, समस्या, स्रोतको अभावको बाबबजुद आफ्नो क्षमताले भ्याएसम्म प्रतिक्रियावादी राज्यसत्ताको भण्डाफोर गर्ने काम भयो । ०६९ असार २ देखिको विद्रोह, फूट र पलायनताले गाँजेको माओवादी आन्दोलन थिग्रिने र संग्लिने प्रक्रिया नै छ । अझै पनि, विद्रोह, भागडौद, पलायन, निराशा, कुण्ठाको प्रक्रिया, संघीय र प्रादेशिक निर्वाचनलाई उपयोग गर्ने निर्णय गरेको छ । यद्यपि संसदीय व्यवस्थाका वाहकले विभिन्न कानुन नियम उपनियम बनाउँदै व्यवस्था भित्र पस्ने ढोकामा भोटे ताल्चा लगाउँदै छन् । संसद्मा बहुमत पुर्‍याएर सरकार बनाउने वा नजानेबारे सोच्न पनि नसकिने हुँदा तीन दलीय सिण्डिकेटवालाले जतिसुकै ढोका बन्द नीति बनाए पनि क्रान्तिकारी पार्टीलाई केही फरक पर्दैन । बरु संसदीय व्यवस्थालाई आदि र अन्त्य ठान्ने तीन प्रतिशत मत र १ सिट प्रत्यक्ष जित्न नसक्ने पार्टीहरूलाई गैरसंसदीय बाटो हिंड्न बाध्य पार्ने छ । लात्ताले कानेको कुकुर मारमा भनेझैं क्रान्तिकारी पार्टीहरूलाई संसदीय व्यवस्थाका ठेकेदारले साथी जुटाइदिएका छन् र फेरि घुमेर जनताको तागतमा ...*बाँकी ७ पेजमा*

## झर्रोटर्रो

कैलुब्राह

# साझा शुभकामना

यतिखेर नेपाल मण्डलका हिन्दू धर्म मान्ने मनुखेहरूको 'महान् पर्व' दसैं सबैका घरघरमा पसेको छ । दसैं मान्ने मनुखेहरूका घरमा खुसीले र नमान्नेहरूका घरमा जवर्जस्ति पसेको छ । मान्ने मनुखेमा पनि गरिबगुरुवाहरूका घरमा त जवर्जस्ति नै पसेको अनुभूति गरिरहेका छन् । खुसीले पसे पनि पस्यो, जवर्जस्ति पसे पनि पस्यो । पस्न त पस्यो नि । दसैंको काम पस्ने हो, पसेरै छोड्यो । कसरी मनाउने, मनाउने कि नमनाउने भन्ने कुरा मनुखेको गाँठीको कुरा हो । जसरी भए पनि दसैं पसेपछि दसैंका बारेमा नेपाल मण्डलका शाषक, प्रशाषक र महाशाषकहरूले वक्तव्य दिएर मनुखेहरूको शुखशान्तिको कामना गरे । सबै लाउके दलका लाउके नेतादेखि सत्ताका लाउकेहरूसम्म सबैले आआफ्ना तर्फबाट देशका बासी र विदेशका साजी नेपाली मनुवाहरूका नाममा शुभकामना दिए । तीन थान सिण्डिकेटे दलका लाउकेहरू, राष्ट्रका पति महोदया, सरकारका मुखिया, संसदका सभामुख महोदया, अदालतका सम्मान्य न्यायमूर्ति मुखिया सबैले आआफ्नै कोटरीबाट वक्तव्यद्वारा शुभकामना दिए । ती सबैलाई एकैठाम जोडेर राख्दा यस्तो शुभकामना तयार भयो ।

'प्यारा तथा अप्ठ्यारा मनुखेहरू !

मुखैमा आएको दशैं र यसपछि आउने तिहार तथा छठका अवसरमा देशमा र विशेषगरी विदेशमा बस्ने नेपाली मनुखेहरू जस्ले रेमिट्यान्स पठा'छन् र यहाँ हाम्ले हालहुकुम चलाउन पा'छम् उनीहर्लाई शुभकामना दिन्चम् । हाम्रो काम शुभकामना दिने हो, बेलाबखतमा दिएकै छम् । साथै हामी सत्तामा बस्नेले गरेका राष्ट्रघाती सन्धी सम्झौता, भ्रष्टाचार, कमिसन, राष्ट्रको ढुकुटी रित्याउने खेल, महङ्गी, शोषण, दमन सबै कुरा सहेर बस्ने र चुनाउमा हाम्लाई नै खुरुखुरु भोट दिएर जिताउने सद्वुद्धि नवैदूर्गाले प्रदान गरुन् भन्चम् । जेजसरी हुन्च हे दूर्गेमाता हाम्रो कुर्चीको आयु पुसबाट ढल्दैछ, यसलाई फेरि बढाएर हाम्ले नै सत्ताको कुँडो लुँड्याउने गरी आउँदै गरेको चुनाउमा हाम्लाई नै जिताइदेऊ भन्दै दुर्गेमातासँग बिनम्र प्राथना गर्चम् । या दूर्गे सर्व भूतेसु कुर्ची बचाइदेऊ संस्थिता नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।

यतिखेर मुलुक चुनाउको भुङ्ग्रोमा पोलिएको छ । यो चुनाउ संविधानलाई बलियो बनाउने औजार हो । त्यसैउसले सबै नेपाली मनुखेले यसलाई गम्भीरतापूर्वक लिनु पर्च भन्ने हाम्रो ठहर छ । यदि संविधान लागू हुन पाएन भने हामी सबैका कुर्ची धरापमा पर्नेवाला छन् । अहिलेको पहिलो प्राथमिकता कुर्ची बचाउनु हो र त्यसका लागि संविधान लागू गर्नु हो । हाम्ले यो मङ्सीरमा अरू दुई तहका चुनाउ सक्न छ । एउटा तहको चुनाउ त यनकेन प्रकारेण सकियो । यसै गरेर अरू दुइटा चुनाउ पनि सक्नै पर्च । त्यसका लागि तामझाम पनि सुरु भएकै छ । अब झ्वामझुम र हामहुमको पालो छ ।

जहाँसम्म राष्ट्रियताको कुरो छ सरकार बाहिर हुँदा त हाम्ले पनि राष्ट्रियताका कुरा उठाएकै हुन्चम् । असमान सन्धि सम्झौता खारेज गर्न पर्च भनेर आन्दोलन पनि गर्चम् । तर आफैं सरकारमा हुँदा बिरोध गर्न गारो हुन्च । जसको सिता खायो उसको गीता गाउनै पर्‍यो । सरकार बनाइदिनेलाई हाम्ले पनि क्यै त दिनै परो । त्यसैले छिमेकीले हामीसँग भएको कुरा मागेपछि हाम्ले नदिएर कृतघ्न हुन पनि भएन । सरकारमा भएका बेला विरोध गर्नु भनेको आफ्नो खुट्टामा आफैं बन्चरो प्रहार गर्ने कुरा हो । त्यति मुर्ख त हामी छैनम् ।

**प्रिय रैतीहरू** !

परार साल भैंचालाले हाम्रा रैतीहर्लाई न्वाउनसम्म न्वायो । दसबाह्र हजारले परमधाम पाए । परमधाम पाउनेले त बरु सुखै पाए, बाँचेकालायृ कति हैरान भा'छ । त्यो त हाम्लाई थाहा । थाहा भएर क्यार्नु, क्यै गर्न मिल्दैन । गर्नी मन त कति छ कति । त्यसैमा पोहोर र यो बर्स बाढी पहिरो र कोशी डुबानले धेरै जनधनको क्षति भयो । सामान्य जनको क्षतिले त खासै फरक पार्दैन । हाम्रो देशमा आधाआकासको सङ्ख्या धेरै नै छ । उनीहर्ले अरू जनको जन्म दिइहाल्चन् । धनको क्षति र विशिष्टहरूको क्षति पूर्ति गर्न हामीलाई कम्ता गाह्रो हुन्च । सबै भन्दा दुःखको कुरा त्यो हो । हाम्रो सरकारी भ्रमण, चुनाउ र सरकार फेरिराख्नु पर्ने भएकाका कारण राज्यको ढिकुटी सकिएकाले उनीहर्लाई पैसा दिन सकिएको छैन । दाताहर्ले पनि अनेकौं बखेडा झिकेर हाम्लाई पैसा दिएका छैनन् । रैतीहरूको काम धैर्य गर्ने हो । धैर्य गर्न नछोड्नुस् । हामी नेपालीहरूको इज्जत पनि यसैमा छ ।

अर्को कुरा मधेशवादी दलहर्ले पनि यो सरकारलाई पूर्णरूपमा सहयोग गर्न पर्च । यसपालाको चुनाउमा भाग लिएर राम्रै गर्नुभो' । अब हुने चुनाउमा पनि भाग लिने र त्यतैबाट आफ्ना माग सके पुरा गर्ने नसके चुप लागेर बस्ने । जैले आफ्नो एकलौटी सरकार बन्च त्यैबेला आफैं गर्ने । अब धेरै किचकिच गर्न जरुरी छैन ।

राज्यसेवाको नोकरी गर्ने विभिन्न तहका नोकर चाकरहर्लाई पनि हामी के भन्चम् भने तपाइँहर्ले राज्यका काममा ढिलाई नगर्नुहोला । छिटो भन्दा छिटो गरेर सरकारले निर्धारण गरेका काम सम्पन्न गर्नु पर्च । राज्यको काम भनेको दशैं खर्च जुटाउन नसकेका सरकारवादी दलहरूका कार्यकर्ताहरूको खर्च व्यवस्थापन गर्नु, सरकारको भ्रमण व्यवस्था मिलाउनु, आन्दोलन गर्नेहर्लाई ठोकठाक र कोचकाच पार्नु, रोटीबेटीवाला छिमेकीसँग गरिएका सहमतिहरू लागू गर्नु, राज्यसेवक नोकर चाकरहर्लाई इधरका उधर उधरका इधर पारेर आफ्नो समर्थक बनाउनु आदि इत्यादि हुन् । यी कामहर्लाई प्राथमिकताक्रम अनुसार छिटो भन्दा छिटो पूरा गर्न सबै हाम्रा नोकर चाकरहर्लाई निर्देशन दिन्चम् ।

अन्त्यमा मुखैमा आएको दशैंलाई हुनेखानेहर्ले निकै तामझाम र झ्वामझुम पारेर मनाउन् । जहाँसम्म प्राकृतिक प्रकोपबाट पीडित परिवार छन् उनीहर्लाई त प्रकृतिले नै दुःख दिएको हुनाले हामीसँग कुनै प्रकारको गुनासो र आशा नगरुन् भन्ने हाम्रो ठहर छ । नेपालीमा उखान छ नि 'जुन आगोले पोल्छ त्यही आगोले सेक्छ' । त्यसैले भैंचालो, बाढी पहिरो, सवारी दुर्घटनाले उनीहर्लाई पोलेको हुनाले सेक्ने काम पनि उसैको हो । सरकारको काम सेक्ने होइन । सरकारले त त्यसको निरीक्षण गर्ने, भ्रमण गर्ने, वक्तव्य दिने र दाताहरूसँग भिख माग्ने काम मात्रै हो । त्यो त सरकारले गरेकै छ । नवदूर्गा भवानीले यो सरकारको रक्षा गरुन् । धन्यवाद, अभिवादन, जयनेपाल । ७ असोज २०७४

kailubraha73@gmail.com

# वर्तमान परिस्थिति र ध्येयमूलक राजनीतिको चुनौति

दर्शन र राजनीति एकआपसमा जोडिएका अन्योन्याश्रित विषयवस्तु हुन । दर्शन भनेको विश्व दृष्टिकोण हो । अर्को शब्दमा भन्नुपर्दा दर्शनले जीवन र चराचर जगतलाई हेर्ने बुझ्ने, व्याख्याविश्लेषण गर्ने र बदल्ने सम्बन्धमा विचार र दृष्टिकोण निर्माण गर्दछ । अहिले संसारमा रहेका सम्पूर्ण मानवसमुदाय, दार्शनिक पक्षधरताका हिसाबले मुख्यतः दुई विपरित खेमामा विभाजित भएर रहेका छन् । त्यो भनेको आदर्शवाद (आईडिलिज्म) र भौतिकवाद (म्याटेरेलिज्म) को खेमा हो । मानिसको दार्शनिक पक्षधरता जे हुन्छ, उनीहरूको समग्र दृष्टिकोण र व्यक्तित्व (पर्सनालिटी) को विकास र निर्माण पनि सोही अनुसार भएको हुन्छ ।

दर्शन र राजनीति जस्ता विषयहरूको उत्पत्ति र विकास एकाएक भएका विषय होइनन् । पृथ्वीमा आधुनिक मानव (होमोसापिएन्स) को उदय भएपछि उसले आफ्नो जीवनको रक्षा गर्न र बाँच्नका लागि प्रकृतिसँग लगातार र अनवरत श्रम र संघर्ष गर्दै आएको छ । त्यस क्रममा आफ्ना आवश्यकताहरूको परिपूर्ति गर्न भौतिक वस्तुको उत्पादन गर्दै गयो भने त्यसक्रममा सामाजिक चेतनाहरूको विकास पनि गर्दै गयो । सामाजिक चेतनाका रूपहरूमध्ये दर्शन, राजनीति, कानुन, धर्म, नैतिकता, संस्कृति, साहित्य, कला, सौन्दर्यशास्त्र, विज्ञान र प्रविधि मुख्य हुन् । सामाजिक चेतनाको रूपहरूमध्ये दर्शन पछि राजनीति नै सबभन्दा माथि हुन्छ । अर्को शब्दमा भन्नुपर्दा राजनीतिलाई सामाजिक चेतनाको उच्चरूप मानिन्छ । त्यसैले कसैले राजनीति गर्दिन, राजनीति छाड्छु भन्न सक्दछ तर राजनीतिले उसलाई छाड्दैन । मुख्य कुरो त कस्तो प्रकारको राजनीति गर्ने भन्नेमात्र हो । दर्शनले समाज परिवर्तन र रूपान्तरणका लागि आफ्नो निश्चित ध्येय अथवा लक्ष्य/उद्देश्य निर्धारण गर्दछ । उक्त ध्येय प्राप्त गर्नका लागि राजनीति अगाडि आउँछ । त्यसअर्थमा राजनीति भनेको दर्शनले परिकल्पना गरेको ध्येय प्राप्तिका लागि गरिने साधन र माध्यम हो । अथवा दर्शनको व्यवहारिक कार्यान्वयन भनेकै राजनीतिक क्रियाकलाप हो ।

मानव समाजविकास क्रममा राज्यव्यवस्थाको जिम्मेवारी र काम पनि धर्मले नै गर्दथ्यो । भनाईको तात्पर्य धर्म र राजनीति छुट्टिएको थिएन बरु एक आपसमा जोडिएको थियो । धर्माधिकारीहरूले नै राज्यव्यवस्थाका कार्यहरू सम्पादन गर्दथे र उनीहरू नै राज्यको समेत प्रमुख हुने गर्दथे । कालान्तरमा राज्यको दायित्व र जिम्मेवारी विस्तार हुँदै गयो । धर्म वैयक्तिक विश्वाससँग जोडिएको विषय भएकोले त्यसको क्षेत्र संकुचित एवं. संकीर्ण हुन गयो र त्यसले राजनीतिक व्यवस्था र समस्यालाई सम्हाल्न नसक्ने भएपछि राजनीतिले धर्मको संकुचित दायराबाट अलग हुनुपर्ने व्यवस्था आयो । यसरी राजनीति राज्यव्यवस्था संचालनको मुख्य साधन र विषय बन्न गयो । त्यतिमात्र होइन राजनीतिशास्त्रको समेत विकास भयो र त्यसको विस्तृत अध्ययन नै सुरु भयो ।

धर्म र राजनीतिका बिचमा वारपार भएर सम्बन्ध विच्छेद भएपछि राजनीतिक पार्टी/दलको स्थापना पनि सँगसँगै आवश्यकता हुन गएको हो । राजनीतिक दलहरूको स्थापना सबैभन्दा पहिले संयुक्त अधिराज्य (बेलायत) मा भएको थियो । त्यहाँ राजनीतिक पार्टीहरू स्थापना हुनुको पनि खास कारण थियो । त्यहाँ पहिला संसद थियो तर पार्टी थिएनन् । किनभने संसदमा सदस्यका रूपमा सामन्त र जमिनदारहरू मात्र नियुक्त हुन पाउँथे र राजा तिनीहरूको नेता हुन्थ्यो । त्यहाँ धेरै लामो समयसम्मको आन्दोलन र संघर्षपछि मात्र आम जनताले पनि चुनावमा भाग लिन पाउने अधिकार स्थापना भएपछि मात्र चुनावमा उम्मेदवारहरू उठाएर निर्वाचन लड्नुपर्ने भएकाले राजनीतिक पार्टीहरू गठन भएका थिए । तर २१ औं शताब्दीको आधुनिक युगमा आइपुग्दा समेत पनि 'हाउस अफ लर्ड्स' भनिने बेलायतको उपल्लो सदन निर्वाचित नभएर अहिले पनि वंशानुगत प्रतिनिधित्वका आधारमा भरिभराउ रहेको छ ।

राजनीतिक पार्टी/दलसँग दुईवटा मुख्य विषय वा पक्षहरू अभिन्न रूपले जोडिएका हुन्छन् । ति विषय वा पक्ष भनेका दर्शन र वर्ग हुन् । पहिलो, राजनीतिक पार्टीको प्रश्न अगाडि आउनासाथ अमूक राजनीतिक पार्टीले कुन दर्शनबाट निर्देशित भएर वा कुन दर्शनलाई आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा अंगिकार गरेर आफ्नो राजनीतिक नीति एवं. कार्यक्रम तय गरेर आफ्ना जनसमुदायका बिचमा प्रस्तुत गर्दछ भन्ने हो भने दोस्रो उक्त पार्टीले कुन वर्ग (शोषक वा शोषित) वर्गको पक्षधरता लिएर त्यो वर्गको हित र राज्य व्यवस्था स्थापना गर्ने कार्यमा आफ्ना कार्यक्रम र गतिविधिलाई केन्द्रित गर्दछ भन्ने कूरा महत्वपूर्ण हुन्छ ।

दर्शन वा मार्गनिर्देशक सिद्धान्त र वर्गीय प्रतिनिधित्व एवं. पक्षधरताका आधारमा राजनीतिक पार्टीहरूलाई मूलतः तीन खेमामा वर्गीकरण गर्न सकिन्छ । ति हुन्, पश्चगामी, यथास्थितिवादी र परिवर्तनकारी । तर सामान्यतः यथास्थितिवादी (कन्जरभेटिभ) र परिवर्तनकारी (र्‍याडिकल) पार्टीहरू नै राजनीतिको मूलधारमा रहने गर्दछन् । नेपालको सन्दर्भमा भन्नुपर्दा भूतपूर्व पञ्चहरूको पार्टी जस्तो : राष्ट्रिय प्रजातन्त्र पार्टीलाई पश्चगामी राजनीतिक पार्टीका रूपमा, यथास्थितिवादी पार्टीका रूपमा नेपाली काँग्रेस र नेका जस्ता पार्टीहरू र परिवर्तनकारी पार्टीका रूपमा वामपन्थी र कम्युनिस्ट पार्टीहरूलाई लिन सकिन्छ ।

पश्चगामी र पुरातनवादी दलहरूले आफ्नो गुमेको सत्तालाई फर्काउने निरर्थक प्रयास गर्दछन् । जस्तो, राप्रपाजस्तो दलले अहिले पनि संघीयता, धर्मनिरपेक्षता र गणतन्त्रलाई उल्टाउने कुरा गर्दछ । यथास्थितिवादी दलहरूले आर्थिक, सामाजिक परिवर्तनका लागि पहलकदमी लिनमा चासो राख्दैनन् । जस्तो नेपाली काँग्रेस र काँग्रेसजस्ता पार्टीहरूलाई बहुदलीय व्यवस्था भए पर्याप्त हुन्छ, चाहे त्यो राजतन्त्रसहितको नै किन नहोस् । सारांशमा भन्नु पर्दा पुरातनवादी र यथास्थितिवादी शक्तिहरू आन्दोलन र परिवर्तनका मुद्दाहरूलाई आफ्नो बलबुताले थेग्न नसक्ने अवस्था आएपछि मात्र त्यसमा सहमत भएको अभिव्यक्ति दिँदै परिवर्तनको बलमा घिसारिएर मात्र एक पाइला अगाडि सर्न बाध्यहुन्छन् ।



● परि थापा ●

**नेपालको राजनीतिक परिदृश्यमा हेर्ने हो भने नेपाली काँग्रेसजस्ता यथास्थितिवादी पार्टीहरूको त प्रश्नै भएन स्वयम् कम्युनिस्ट पार्टीका महान्त्री भएका व्यक्ति र तत्वहरूले पार्टी परित्याग गर्दै निरंकुश राजतन्त्रको पक्षधरता लिएर त्यसको रक्षाका लागि लागिपरेको इतिहास र उदाहरण कायम छ । अहिले सतहमा देखापरेका कम्युनिस्ट नामधारी पार्टीहरू अधिकांश यथास्थितिवादी, प्रतिक्रियावादी र पुरातनपन्थीहरूसँग मेलमिलाप र हातेमालो गर्दै सत्ता राजनीतिको चास्नीमा डुबुल्की मारिसकेका छन् । तिमध्ये नेकपा (एमाले) र नेकपा (माके) ले त पाएसम्म आफ्नै नेतृत्वमा सबै प्रतिक्रियावादी र पुरातनपन्थीहरूलाई समेटेर, त्यसो हुन नसकेमा उनीहरूकै नेतृत्वलाई स्वीकारेर सत्ता राजनीतिको स्वाद लिन निरन्तर परिक्रममा लगाउने गरिरहेका छन् । आश्चर्य र उदेकलाग्दो विषय त के छ भने आफूलाई कम्युनिस्ट पार्टी बताउने पार्टीहरू सत्ता राजनीतका लागि अनेक बहानाबाजी गरेर सरकारमा जाने गरेका छन् र उनीहरूले सरकारका नीति तथा कार्यक्रमका रूपमा ल्याउने कथित दस्तावेजमा पुरातनपन्थी, यथास्थितिवादी र प्रतिक्रियावादी तत्वहरूले दशकौंदेखि रटान लगाउने गरेका मधुर वाक्यांश र झुठा आश्वासनका पुलिन्दामा सहमत भएर ताली बनाउने भन्दा अर्को काम गर्न नसकेको स्पष्टै छ । त्यसैगरी हास्यास्पद कुरा के छ भने नेपालको सत्ता राजनीतिको बागडोर सम्हाल्नका लागि पुरातनपन्थी यथास्थितिवादी र प्रतिक्रियावादीहरूले गर्दै आएका राष्ट्रघात, जनघात, भ्रष्टाचार, नातावाद र कृपावादजस्ता देशविरोधी र जनविरोधी कार्यको विरासतलाई बढाउने मात्र होइन, तिव्रता प्रदान गर्दै आएका छन् । अहिलेसम्मको अवस्थामा आईपुग्दा कथित कम्युनिष्ट पार्टी र यथास्थिति र प्रतिक्रियावादी तत्वहरूका बिचमा शत्रुता र बैरभावको अन्त्य भएर मित्रता र सौहार्दता कायम हुन पुगेको छ । त्यसैगरी दलाल, नोकरशाही, बिचौलिया र माफियाहरूसँग मिलेमतो गरेर उनीहरूको हितको पक्षमा काम गर्ने र स्वयम पनि त्यस्ता घृणित कार्यमा संलग्न हुने गरेका छन् ।**

कम्युनिस्ट आन्दोलन ध्येयमूलक राजनीति (मिसन पोलिटिक्स) को अग्रिम मोर्चामा हुनुपर्ने हो र पर्दछ । किनभने कम्युनिष्ट आन्दोलन बुर्जुवा राजनीति जस्तो आवधिक निर्वाचन गर्ने र अनेक तिकडम गरेर सत्ता-राजनीतिको सेरोफरोमा मात्र चक्कर लगाउने होइन बरु त्यो भन्दा बढी हो, जुन आर्थिक, सामाजिक र साँस्कृतिक रूपान्तरणको निरन्तर अभियान हो । त्यसैगरी कम्युनिस्ट पार्टी भनेको सामान्य वामपन्थी र गणतन्त्रवादी पार्टी र शक्तिहरू जस्तो मात्र पनि होइन बरु त्यो भन्दा बढी हो जसले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादको स्थापना गर्दै साम्यवादी समाजसम्म पुग्नु हो । जहाँ स्वयम् कम्युनिस्ट पार्टीको आवश्यकता पर्ने छैन । त्यसप्रकारको ध्येयमूलक राजनीतिलाई अगाडि बढाउने अभियानमा योगदान पुर्‍याउनका लागि विश्व कम्युनिस्ट आन्दोलनको सन्दर्भमा हेर्दा कम्युनिस्ट घोषणापत्र प्रकाशित भएको एक सय वर्षपछि मात्र नेपालमा कम्युनिस्ट पार्टी स्थापना गर्न सम्भव भएको थियो । त्यो पनि चार जना संस्थापक सदस्यहरूले भारतको कलकत्ता सहरमा गएर गर्नुपरेको थियो । नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको करिब सात दशकको इतिहासमा पार्टीको तेस्रो महाधिवेशन सम्म मात्र जसोतसो एकीकृत पार्टी रहन सम्भव भएको थियो । त्यसपछि फुट र विखण्डन सुरु भएको अद्यापि कायम छ र दुई दर्जनको हाराहारीमा कम्युनिस्ट नामधारी पार्टीहरू रहेका छन् ।

नेपालको राजनीतिक परिदृश्यमा हेर्ने हो भने नेपाली काँग्रेसजस्ता यथास्थितिवादी पार्टीहरूको त प्रश्नै भएन स्वयम् कम्युनिस्ट पार्टीका महान्त्री भएका व्यक्ति र तत्वहरूले पार्टी परित्याग गर्दै निरंकुश राजतन्त्रको पक्षधरता लिएर त्यसको रक्षाका लागि लागिपरेको इतिहास र उदाहरण कायम छ । अहिले सतहमा देखापरेका कम्युनिस्ट नामधारी पार्टीहरू अधिकांश यथास्थितिवादी, प्रतिक्रियावादी र पुरातनपन्थीहरूसँग मेलमिलाप र हातेमालो गर्दै सत्ता राजनीतिको चास्नीमा डुबुल्की मारिसकेका छन् । तिमध्ये नेकपा (एमाले) र नेकपा (माके) ले त पाएसम्म आफ्नै नेतृत्वमा सबै प्रतिक्रियावादी र पुरातनपन्थीहरूलाई समेटेर, त्यसो हुन नसकेमा उनीहरूकै नेतृत्वलाई स्वीकारेर सत्ता राजनीतिको स्वाद लिन निरन्तर परिक्रममा लगाउने गरिरहेका छन् । आश्चर्य र उदेकलाग्दो विषय त के छ भने आफूलाई कम्युनिस्ट पार्टी बताउने पार्टीहरू सत्ता राजनीतका लागि अनेक बहानाबाजी गरेर सरकारमा जाने गरेका छन् र उनीहरूले सरकारका नीति तथा कार्यक्रमका रूपमा ल्याउने कथित दस्तावेजमा पुरातनपन्थी, यथास्थितिवादी र प्रतिक्रियावादी तत्वहरूले दशकौंदेखि रटान लगाउने गरेका मधुर वाक्यांश र झुठा आश्वासनका पुलिन्दामा सहमत भएर ताली बनाउने भन्दा अर्को काम गर्न नसकेको स्पष्टै छ । त्यसैगरी हास्यास्पद कुरा के छ भने नेपालको सत्ता राजनीतिको बागडोर सम्हाल्नका लागि पुरातनपन्थी यथास्थितिवादी र प्रतिक्रियावादीहरूले गर्दै आएका राष्ट्रघात, जनघात, भ्रष्टाचार, नातावाद र कृपावादजस्ता देशविरोधी र जनविरोधी कार्यको विरासतलाई बढाउने मात्र होइन, तिव्रता प्रदान गर्दै आएका छन् । अहिलेसम्मको अवस्थामा आईपुग्दा कथित कम्युनिष्ट पार्टी र यथास्थिति र प्रतिक्रियावादी तत्वहरूका बिचमा शत्रुता र बैरभावको अन्त्य भएर मित्रता र सौहार्दता कायम हुन पुगेको छ । त्यसैगरी दलाल, नोकरशाही, बिचौलिया र माफियाहरूसँग मिलेमतो गरेर उनीहरूको हितको पक्षमा काम गर्ने र स्वयम पनि त्यस्ता घृणित कार्यमा संलग्न हुने गरेका छन् ।

पुँजीवादी संसदीय व्यवस्थामा तथाकथित सत्तापक्ष र प्रतिपक्षको नाटक गर्ने गरिन्छ । वास्तममा तिनीहरू एक सिक्काका दुई पाटा मात्र हुन् । तर कम्युनिस्ट आन्दोलन र त्यसलाई नेतृत्व प्रदान गर्ने कम्युनिस्ट पार्टी स्थायी वैचारिक प्रतिपक्ष (अपोजिसन) को भूमिका खेल्ने शक्ति हो र हुनुपर्दछ । हाँस्यास्पद कुरो त के छ भने अन्य यथास्थितिवादी पार्टी र प्रतिक्रियावादी पार्टीमा रहेका राजनीतिकर्मीहरूलाई कम्युनिस्ट नामधारी पार्टीको नेता बनाउने र बन्नु सामान्य परिघटना भएका छन् । चुनावमा उम्मेदवार हुने अवसर नपाएका तत्काल दलबदल गरेर उम्मेदवारी प्राप्त गर्ने दृश्यहरू त सामान्यभन्दा पनि बढी भएका छन् ।

देशको राष्ट्रिय राजनीतिको यसप्रकारको दलदलपूर्ण माहौलमा ध्येयमूलक राजनीतिले चुनौतीपूर्ण अवस्थाबाट गुज्रनुपर्ने अवस्था आउनु स्वभाविक छ । यस प्रकारको गम्भीर अवस्थामा नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले ध्येयमूलक राजनीतिलाई अगाडि बढाउन पहलकदमी लिने प्रयत्न गरिरहेको छ । त्यसप्रकारको गम्भीर जिम्मेवारी पूरा गर्नका लागि पार्टीले वैचारिक, राजनीतिक र सांगठनिक दृष्टिकोणबाट सशक्त र व्यवस्थित ढंगले अगाडि बढ्नुपर्ने टड्कारो आवश्यकता छ । त्यसका साथसाथै अन्य तत्वहरूले गर्दै आएका राष्ट्रघाती, जनघाती कुकृत्यहरूका विरुद्धमा व्यापक आलोचना र भण्डाफोरको कार्यलाई आम जनसमुदायका बिचमा पुर्‍याएर जनचेतना जागृत गराउनु पर्दछ । त्यस दिशामा अगाडि बढ्न र जिम्मेवारी पूरा गर्न यही असोज २२ गतेदेखि सम्पन्न हुन गइरहेको पार्टीको राष्ट्रिय सम्मेलनले पारित गर्ने नीति, कार्यक्रम र चयन हुने नेतृत्वले थप ऐतिहासिक र महत्वपूर्ण भूमिका खेल्नेछ ।

## कोरियाली...

वाशिङ्टनले आफ्नो लागिद्द मात्र नभई सबै सहयोगी देशको सुरक्षार्थ कुनै कसर बाँकी नराख्ने बताएका थिए ।

उता उत्तर कोरियाली नेता किमले अमेरिकी राष्ट्रपतिको भनाइप्रति लक्षित गर्दै 'कुकुर भुक्दै गर्छन्' आफ्नो मुलुक क्षेप्यास्त्र कार्यक्रम नरोक्ने चेतावनी दिएका छन् । यसैको प्रतिक्रियास्वरूप शुक्रबार फेरि नेता किम साँच्चै ' पागल' भएको र उनलाई आफ्ना जनता भोकमरीमा परेको वा मरेको कुरामा चिन्ता छैन भनी उनको यसअघि कहिल्यै नभएको परीक्षण हुने चेतावनी ट्रम्पले दिएका थिए ।

तनावमा रहेको कोरियाली आकासमा अमेरिकी युद्धक विमानको आगमनले अमेरिका र उत्तर कोरियाबीचको तनावमा थप वृद्धि हुने देखिएको छ । अमेरिका र उत्तर कोरियाली नेताहरूबीच विगत केही दिनयता वाकयुद्ध चलिरहेका बेला अमेरिकी युद्धक विमान उत्तर कोरियाली सीमा क्षेत्रमा यति नजिकबाट उडेको यो पछिल्ला केही दशक यता पहिलो घटना भएको बताइएको छ ।

यसैबीच रुसी विदेशन्त्री सर्गेइ लाभरोभले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ-उनबीच चलिरहेको वादविवादलाई स्कुले बच्चा झगडाको संज्ञा दिएका छन् । लाभरोभले दुवै नेता तातो दिमागका भएको भन्दै शान्त बनाउनका लागि विश्रामको आवश्यकता रहेको टिप्पणी गरे । उनले भने, 'शान्त रहेर उत्तर कोरियाको परमाणु सैन्यकरणलाई हेर्न अस्वीकार्य हो तर, कोरियाली प्रायद्वीपमा युद्ध छेड्न समेत अस्वीकार्य छ ।'

केही समय पहिले अमेरिकाको प्रस्तावमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले कोरियामाथि आर्थिक प्रतिबन्धको घोषणा गरेको थियो । उत्तर कोरियामाथि प्रतिबन्ध लगाउने बिषयमा शुरुमा चीन र रसिया तयार नभएपनि हालै आएर उनीहरूले पनि प्योङ्याङको उत्तेजित गतिविधिलाई रोक्न प्रस्तावमा लचिलोबन्दै सहमति जनाएको थियो ।

लाभरोभले मौजुदा संकटको राजनीतिक प्रक्रियाबाट समाधान गर्नुपर्नेमा जोड दिँदै उनले संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदको प्रक्रिया पनि महत्वपूर्ण रहेको उल्लेख गरेका छन् । उनले भने, 'चीनसँग मिलेर हामी तार्किक नीति अवलम्बन गर्नेछौं न कि भावुक रवैया जस्तो स्कुले बच्चा लड्न सुरु गरे भने कसैले पनि रोक्न सक्दैन ।'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ-उनबीच पछिल्लो समयमा तिखो घोचपेच चलिरहेको छ । दुवैले एक अर्कालाई 'सनकी' र 'पागल' भएको आरोप लगाउने गरेका छन् । उत्तर कोरियाली नेता किमले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हताश मनस्थिति र अभिव्यक्तिबाट उत्तर कोरियाले परमाणु हतियार विकसित गर्नु सही भएको पुष्टि भएको बताउँदै आएका छन् ।

उत्तर कोरियाली सरकारी मिडियालाई लिएको एक वक्तव्यमा किमले ट्रम्पलाई राष्ट्रसंघको महासभामा दिएको आफ्नो भाषणको परिणाम भोग्ने चेतावनी दिएका छन् । ट्रम्पले राष्ट्रसंघमा अमेरिकाले आफ्नो रक्षा गर्नुपर्ने अवस्थामा उत्तर कोरियालाई पूर्ण रूपमा ध्वस्त पारिदिने धम्की दिएका थिए । ट्रम्पले राष्ट्रसंघमा दिएको आफ्नो भाषणमा किम जोङ उनलाई लिएर भनेका थिए, 'रकेट मेन', 'आत्महत्याको मिशन' मा छन् ।'

पछिल्लो समयमा दोहोरो आरोप प्रत्यारोपका कारण उत्तर कोरिया र अमेरिकाबीच तनावको वातापरण सिर्जना भएको छ । उत्तर कोरियाले केही समयदेखि लगातार आफ्ना शक्तिशाली लामो दुरीका क्षेप्यास्त्रको परीक्षण गर्दै आएको छ भने यही महिनाको सुरुमा आफ्नो छैठौं परमाणु परीक्षण गरेको थियो ।

ट्रम्पको टिप्पणीको तुलना 'कुकुर भुकेको' सँग गरेका उत्तर कोरियाली विदेशमन्त्री रि योङ-होले ट्रम्पले धम्कीको जवाफमा प्रशान्त महासागरमा हाइड्रोजन बम परीक्षण गर्ने चेतावनी दिएका छन् ।

दक्षिण कोरियाली समाचार संस्था योनहापले पनि प्रशान्त महासागरमा हाइड्रोजन बमको शक्तिशाली विस्फोट हुनसक्ने चेतावनी दिएको छ । विदेशमन्त्र रिले उत्तरले परमाणु परीक्षण गर्न सक्ने भएपनि त्यसको आदेश किमले नै दिनुपर्ने उल्लेख गरेका छन् ।

उत्तर कोरियाली समाचार एजेन्सी केसिएनएमा आएको किमले ट्रम्पको टिप्पणीबाट आफू रोकिने र डराउनुको साटो आफूले रोजेको बाटो सही भएको र अझै सोही बाटोमा हिड्ने बताएका छन् ।

उनले भने, 'ट्रम्पले संसारका सामु मेरो र मेरो देशको अस्तित्वलाई अस्वीकार गर्दै अपमान गरेका छन् । इतिहासको सबैभन्दा भयंकर युद्धको घोषणा गरेमा ट्रम्पलाई उनको भाषणको कडा जवाफ दिनका लागि उत्तर कोरियाले अहिलेसम्मको आफ्नो सबैभन्दा ठूलो कारबाही गर्नेछ ।'

उनले ट्रम्पलाई मानसिक रूपमा विक्षिप्त व्यक्तिको संज्ञा दिँदै आगोसँग खेल्ने कोशिस गरेमा उसकै लागि खतरानाक बन्ने चेतावनी दिएका छन् । उत्तर कोरियाका कुनै पनि नेताले अन्तर र्राष्ट्रिय समुदायलाई सिधा सम्बोधन गरेको यो पहिलो घटना भएको बताइएको छ ।

आफ्ना बाबुको निधनपछि उत्तर कोरियाली सत्ता सम्हालिरहेका किम जोङ-उनले पछिल्ला केही वर्षदेखि आफ्नो परमाणु कार्यक्रमलाई तिव्र बनाउँदै लगेका छन् । उनको प्रतिक्रियाको जापानले आलोचना गरेको छ ।

मुख्य क्याबिनेट सचिव योशिहिदे सुगाले भने, 'उत्तर कोरियाको भनाई र उसको व्यवहार यस क्षेत्र र अन्तर्राष्ट्रिय सुरक्षाका लागि खतरा हो र यो बिल्कुल अस्वीकार्य छ ।' उत्तर कोरियाले पछिल्लो एक महिनामा जापानी आकाशमाथिबाट दुई वटा ब्यालिस्टिक मिसाइल परीक्षण गरेको थियो । जसबाट यो क्षेत्रमा तनाव झनै बढेको छ ।

## बोक्सीको...

विज्ञप्तिमा भनिउको छ, 'त्यसैले पीडकलाई कुनै पनि सरकारी पदमा रहेर काम गर्न नपाउने गरि वखार्स्त सहित कानुन अनुसार दंण्डित गरि पिडितलाई ससम्मान शारिरिक उपचार र मनोपरामर्श सहित समाजमा पुनःस्थापना हुने ब्यवस्था गरियोस् ।'

## तेस्रो...

पर्ने त एक नम्बर नै हो । तुरुन्तै पहिलो हुने स्थिति त रहेन । तर, स्थानीय चुनावको भन्दा माथि जान्छौं र कसैले हेप्न नसक्ने भनौं वा शक्तिशाली तेस्रो हुन्छौं ।' स्थानीय तहको निर्वाचनमा काँग्रेससँग तालमेल गरेको माओवादी केन्द्रले प्रदेश र संसदीय निर्वाचनमा परिवर्तन पक्षधर जुनसुकै शक्तिसँग पनि एकता गर्ने जनाएको छ ।

शक्ति केन्द्रहरूले माओवादीलाई शक्तिशाली भएको हेर्न नचाहेको भन्दै उनले पार्टी कमजोर हुनुमा एकतावद्ध हुन नसक्नु र जनतामा नजानु मुख्य कारण भएको बताए ।

# नयाँ जनवादी क्रान्तिको अपरिहार्यता किन ?



पुष्पगोपाल श्रेष्ठ

***पार्टीभित्रै पनि गैरमार्क्सवादी चिन्तन छरपस्ट गर्ने कुचेस्टा यदाकदा देख्नमा आएको महशुस हुन आउनु पक्कै पनि क्रान्तिकारी पार्टीको निमित्त सुखद कुरो हुनसक्तैन र हैन, यस अर्थमा क्रान्तिकारीहरू सचेत हुनु जरूरी छ । देशको राष्ट्रिय स्वाधिनता जनतन्त्र र जनजीवीका जस्तो अत्यन्तै सम्वेदनशील राष्ट्रिय समस्यामाथि कुत्सित मानसिकता बोकी, स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भूअखण्ड राष्ट्र नेपाललाई उनीहरूको आफ्नो विदेशी मालिक विशेषतः भारतीय विस्तारवादको गुलामी बनाउने कसरतमा जुटेका छन् । दलाल, नोकरशाही पूँजीपति तथा सामन्तवर्गको नेतृत्वमा रहेको अर्धसामन्ति अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक संसदीय प्रतिक्रियावादी राज्याव्यवस्थालाई ध्वस्त पारी नेपालमा नयाँ जनवादी गणतन्त्र कायम गर्ने उद्देश्यका साथ, हिजो महान ऐतिहासिक दश वर्षे दीर्घकालीन सशस्त्र जनयुद्धमा जुटेका थियौं । तर, ती नेतृत्वदाई लालगद्दार प्रचण्ड र बाबुराम जस्ताको विश्वासघाती क्रियाकलापले गर्दा अधुरो र अपूरो रहिरहेको जनयुद्धको त्यो लक्ष र उद्देश्यलाई पूर्णता प्रदान गर्नु आजको अत्यावश्यक काम हो र यस महान कार्य सम्पन्न गर्न नेपाली विशेषतामा आधारित रहेर आजको आवश्यकता अनुरूप नयाँ जनवादी क्रान्तिलाई टुङ्गोमा पुऱ्याउन, नेपालका तमाम क्रान्तिकारी कम्युनिस्टहरू, देशभक्त वाम्पन्थीहरू, शोषित पीडित आम श्रमजीवी जनसमुदायलाई क्रान्तिकारी सुझबुझता अपनाई एकताबद्ध तुल्याई (पारी) क्रान्तिकारी पहलकदमि लिनु क्रान्तिकारी कम्युनिस्ट पार्टीको यो राष्ट्रिय दायित्व हो र विना अपवाद यस महान कार्यको पहलकदमी लिन जुट्नै पर्छ ।***

नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास त्यति लामो नभएतापनि समयावधिको हिसाबले छोटो पनि भन्न मिल्दैन । नेपालमा पहिलो पटक क.पुष्पलालको नेतृत्वमा विधिवत् रूपमा २००६ साल वैशाख १० गते स्थापना भएको थियो । तत्पश्चात नेपाल कम्युनिस्ट पार्टी क.पुष्पलाल कै नेतृत्वमा वामे सर्दै थियो, खासमा भन्नु पर्दा उभिएर पाइला टेक्नसम्म पनि पाएको थिएन । शिशु पार्टीभित्र दक्षिणपन्थी अवसरवादले नङ्ग्रा गाडन आईपुगिहाल्यो । पार्टीभित्र क्रान्तिकारी कम्युनिस्टहरूको गड जम्न पाएको थिएन, यस्तो स्थितिको फाइदा उठाई ती दक्षिणपन्थी अवसरवादीहरूले क.पुष्पलाललाई पार्टीको महासचिवबाट विस्थापित गरी मनमोहन अधिकारी पार्टीको महासचिव पदमा आसिन हुनआइपुगे । र यसरी नवशिशु नेपाल कम्युनिस्ट पार्टीलाई दक्षिणपन्थी अवसरवादीहरूले आफ्नो पकडमा लिएपश्चात क्रमबद्ध रूपले दक्षिणपन्थी संशोधनवादमा पतन हुनुका साथै पार्टीको नेतृत्वमा फेरबदलको क्रममा राजतन्त्र पक्षधर केशरजङ्ग रायमाझी पार्टीको नेतृत्वमा आए । यस्तो स्थितिमा क्रान्तिकारी कम्युनिस्टहरूलाई पार्टीभित्र आफ्नो वर्चस्व कायम राखिरहन पक्कै पनि सहज थिएन । त्यसमाथि देशमा संसदवादीहरूले यनतेन प्रकारले बुर्जुवा संसदीय व्यवस्था स्थापनागरी धार के सोझ्याएको मात्र थियो । पूर्व राजा महेन्द्रले २०१७ पौष १ गते सैनिक 'कू' मार्फत संसदीय व्यवस्था भंग गरि शासनसत्ता कब्जागरी देशमा फेरि राणापछि शाहवंशीय निरंकुश तानाशाही पञ्चायती व्यवस्था लाद्न ल्याइपुऱ्याए ।

देशमा शाहवंशीय तानाशाही शासनको वहालीपछि संशोधनवादीहरूका नेता राजतन्त्र पक्षधर केशरजङ्ग रायमाझीले राजा महेन्द्रसँग घाँटी जोड्न पुगेपछि संशोधनवादीहरू आफ्नो साख जोगाउन क्षणिक संकटग्रस्त बनी आन्तरिक रूपमा खैलाबैला मच्चाउन पुगे । संशोधनवादीहरूबीच उठेको संकटग्रस्त खैलावैलालाई मत्थर पार्न आधारभूत राजनीतिक कार्यक्रमका रूपमा राष्ट्रिय प्रजातन्त्र र मूल राजनीतिका रूपमा सर्वसत्ता सम्पन्न सार्वभौम संसदलाई स्वीकार्दै तुल्सीलाल अमात्य पार्टीका महासचिवका रूपमा उदाउन आइपुगेका थिए ।

पार्टीभित्र क्रान्ति विरोधी आधुनिक संशोधनवादको चपेटाबाट प्रदुषित राजनीतिक माहोलमा रुमल्लिन बाध्य क्रान्तिकारी धाराका कमरेडहरू मार्क्सवादी-लेनिनवादी अडान र दृष्टिकोणलाई आत्मसात् गरी एकताबद्ध भई क्रान्तिको निमित्त आवश्यक भूमिका निर्माण गर्नुको उल्टो मनोगतवाद र संकीर्णतावादमा आ-आफ्नै डम्फुको तालसुरमा रमाउँदा रमाउँदै एकपछि अर्कोगर्दै विभिन्न चिरामा विभाजित हुनपुगेका थिए । र पनि कतिपय क्रान्तिकारीहरूले आ-आफ्नै सोच र सामर्थ्यले भ्याएसम्म क्रान्तिकारी आन्दोलन र अनेकन किसिमका क्रियाकलाप नअपनाएका हैनन्, अपनाउँदै आएका पनि हुन । त्यसमध्ये क्रान्तिकारीहरूको मन-मस्तिस्कमा अमिट छापको रूपमा मात्र रहिरहेको नभई क्रान्तिकारी उत्साह र उमंग जगाई दिने ज्वलन्त उदाहरणको रूपमा हाम्रो सामु विभिन्न बेलाबखतमा किसान आन्दोलन, देशीय सामन्तवाद र साम्राज्यवाद विस्तारवाद विरुद्ध जनआन्दोलन भए/गरेका छन् । त्यसमध्ये भीमदत्त पन्तले गरेको किसान आन्दोलन पनि सशस्त्र ढङ्गको थियो । यसै क्रममा सम्झन लाएक अरु झापा विद्रोह र अझ विशेषतः महान एव्‌म ऐतिहासिक दश वर्षीय दीर्घकालीन सशस्त्र जनयुद्ध थियो ।

भन्ने गरेको सुनिन्थ्यो, कुनै पनि बेलाका सच्चा क्रान्तिकारी त्यो सदावहार क्रान्तिकारी नै रहिरहन्छ भन्न सकिन्न, नहुन पनि सक्छ । हिजोको क्रान्तिकारी आज आएर क्रान्ति विरोधी मात्र हैन प्रतिक्रान्तिका नायक पनि हुन सक्छ भन्ने चरितार्थ हामीले भोग्दै आइरहेका छौं । झापा विद्रोहमा संलग्न अधिकांश नेता तथा कार्यकर्ताहरू छोटै समयावधीभित्र क्रान्तिबाट पलायन हुनपुगेको मात्र हैन । तिनीहरू ख्रुश्चोभीय आधुनिक संशोधनवादबाट प्रभावितभई मदन भण्डारीद्वारा प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद नामाकरण गरेको संशोधनवादी भाषमा डुबुल्कीमार्दै प्रतिक्रियावादीहरूको जल्दोबल्दो हिस्सेदार बनेर देश र जनतामाथि दोहन गर्न क्रियाशील रहिआइरहेका छन् ।

त्यसैगरी ऐतिहासिक दश वर्षीय जनयुद्धका प्रमुख नेतृत्व प्रचण्डले साम्राज्यवाद विस्तारवाद सामू राष्ट्रिय तथा वर्गीय आत्मासमर्पण गर्न पुगे । र क्रान्तिविरोधी कार्यनीति तय गर्न बाधकको रूपमा खडा रहिआएका मूलतः क्रान्तिकारी धाराका नेता मोहन वैद्य 'किरण' लगायत अरु कतिपय नेता तथा कार्यकर्ताहरू भारतीय विस्तारवादको कोपभाजनमा परि भारतीय बन्दीगृहमा कष्टकर बन्दी जीवनयापन गर्नुपर्ने जस्तो बाध्यताभित्र फाइदा उठाउँदै । चुङवाङमा बसेको केन्द्रिय भेलाले जनयुद्धको लक्ष्य र उद्देश्य संसदीय प्रतिक्रियावादी राज्यसत्ता ध्वस्तपारी नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्नुलाई एकातिर पन्छाई लोकतान्त्रिक गणतन्त्रको कार्यनीति तय गर्न पुगे । त्यसपछि दिल्लीमा पुगेर संसदवादी साथ दलसँग विघटित संसदलाई पुर्नस्थापित गरि त्यसैका माध्यमबाट लोकतान्त्रिक गणतन्त्रीय राज्यव्यवस्था कायम गर्ने गरी १२ बुँदे सम्झौतागरी स्वदेश फर्के । जनयुद्धको राप र तापमा स्वतस्फुर्तरूपमा उठेको दोश्रो जनआन्दोलन (जनउभार), दश वर्षीय सशस्त्र जनयुद्धद्वारा निर्मित क्रान्तिकारी जन आधार इलाका, जनसत्ता, जनआदालत लगायत सम्पूर्ण संरचनाहरू एकतर्फी रूपमा, बृहत शान्ति सम्झौताको नाउँमा लालगद्दार प्रचण्डले भङ्ग गरी प्रतिक्रान्तिको नेतृत्व गर्न पुगेका थिए ।

अबका दिनमा सच्चा क्रान्तिकारीहरूको कार्यभार भनेको, विगतमा मुलुकभित्र घटेका अनेकन प्रिय अप्रिय घटनाहरूको समुचित रूपबाट प्राप्त कटु अनुभवहरू सबलाई एक एक गरि केलाउँदै, त्यसबाट पाठ सिक्दै, मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोणलाई गम्भीरताका साथ आत्मसातगरी देशमा विद्यमान ठोस परिस्थितिको ठोस विश्लेषण गरी क्रान्तिकारी कार्य दिशा तय गरी सोही अनुसार क्रान्तिकारी छलाङ्ग मार्नु हो ।

हालसम्म देशमा विद्यमान देशको वस्तुगत स्थिति अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थाका कैयौं विशेषता कायमै रहेतापनि समग्रमा नवऔपनिवेशिक अवस्था नै प्रवल बन्दै गइरहेको स्थिति छ । यद्यपि नेपालमा पुँजीवादको विकास त हुँदै आएको देख्नमा आएको छ । तर त्यो पुँजीवादको विकास औद्योगिक पुँजीवादको विकास नभई सामन्तवाद र साम्राज्यवाद/विस्तारवादको मिलेमतोमा आधारित दलाल तथा नोकरशाही पुँजीवादको विकास भएको छ । यसरी नेपालको यो स्वतन्त्र तथा आत्मनिर्भर, राष्ट्रिय अर्थतन्त्र र औधोगिक पूँजीवादको विकासमा गम्भिर बाधकको रूपमा खडा हुँदै आइरहेको छ ।

देशमा विद्यमान अर्धसामन्ती अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थाबाट देश र जनतालाई मुक्त पार्न (मुक्ति दिलाउन) नयाँ जनवादी क्रान्ति अपरिहार्य रहि आएको छ । नयाँ जनवादी क्रान्ति साम्राज्यवाद, विस्तारवाद तथा सामन्तवाद र दलाल एवं नोकरशाही पुँजीवादका विरुद्ध परिलक्षित रहिआएको छ र रहने छ । हुन त यहाँ कतिपय राजनीतिक दल, बुद्धिजीवी र दक्षिणपन्थी अवसरवादीहरूले नेपालमा पुँजीवादी जनवादी क्रान्ति पूर्ण भईसकेको छ र अब नयाँ जनवादी होइन समाजवादी क्रान्तिको कार्य दिशा अवलम्बन गर्नुपर्छ भनेर अनेकखाले विभ्रम खडा गर्दै आइरहेका छन् र क्रान्तिकारीहरू र श्रमजीवी आम जनसमुदाय ती कुराबारे प्रस्टिनु जरुरी छ ।

जनविरोधी पश्चगामी त्यो संविधानमा त्यो पनि हात्तिको दाँत जस्तो गरि देखावटी रूपमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक प्रतिनिधित्व जस्ता विषयलाई समावेश गरेकोलाई आधार बनाई नेपालमा पुँजीवादी जनवादी क्रान्ति भइसकेको छ भनेर जसरी तर्क गर्दै आइरहेका छन् त्यो पूर्ण गलत तथा भ्रामक धारणा हो । यदि नेपालमा उनीहरूले तर्क गर्दै आईरहेको कुरो सत्य तथ्यमा आधारित हुँदो हो त यहाँ दलाल, नोकरशाही पूँजीपति एवम् सामन्तवर्गको पुरानो राज्यसत्ता तथा राज्य मसिनरी यथावत कायम नहुनुपर्ने हो । राणाकालदेखि अहिलेसम्म आउँदा शासनसत्तामा केहि फेरवदल अवश्यै भएका छन् । परन्तु राज्यसत्तामा भने उहि दलाल, नोकरशाही पुँजीपति तथा सामन्तवर्गको नेतृत्व तथा अधिनायकत्व यथावतै कायम रहिआएको छ । जनवादको समस्या समाधान हुने कुरो त परको कुरो साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप तथा उत्पीडन अन्त्य हुनुको उल्टो दिनानु दिन तिब्र बन्दै गएको छ । यहाँ नयाँ जनवादी क्रान्ति पूर्ण भइसकेको हुँदो हो त, नयाँ जनवादी क्रान्तिको मान्यता अनुसार सर्वहारावर्गको नेतृत्व तथा आम जनसमुदायको संयुक्त अधिनायकत्वमा नयाँ जनवादी राज्यसत्ता स्थापना भएको हुनुपर्थ्यो । बरु उल्टै देशी तथा विदेशी प्रतिक्रियावादसित वर्गीय तथा राष्ट्रिय रूपमा आत्मसमर्पणवादको बाटो पकडिन पुगिरहेका छन् ।

यी लालगद्दारका पिछलग्गु दक्षिणपन्थी अवसरवादीहरू आफूले आफैंलाई अर्थहीन, पङ्गु र बेवकुफी सावित गर्न, हत्केलाले सूर्यलाई छेकेर दिउँसै रातपार्ने कुचेस्टामा अग्रसर भएजस्तै गरी, उनीहरू नेपालमा पुँजीवादी जनवादी क्रान्ति पूर्ण भएको छैन र देश अझै अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नव-औपनिवेशिक अवस्थामै छ भनी तर्क गर्नेहरू माथि जडसूत्रवादी तथा परम्परावादी भएको आरोप लगाउँदै आफू सिर्जनशील मार्क्सवादी भएको कुरा बताउँछन् । वास्तवमा यो आरोपको सम्बन्धमा भन्नुपर्दा यसखाले आरोप दक्षिणपन्थी अवसरवादीहरूले क्रान्तिकारीहरूमाथि लगाउँदै आएको परम्परागत आरोप हो । हो, जदसूत्रवादको विरोध त मार्क्सवादीहरूले पनि गर्दछन् । जडसूत्रवादको विरोध कुन दृष्टिकोणबाट विरोध गर्ने ? जडसूत्रवादको विरोध मार्क्सवादी दृष्टिकोणबाट गर्ने कि संशोधनवादी दृष्टिकोणबाट गर्ने भन्ने नै हो । यस सम्बन्धमा सबैले बुझ्ने गरी खुलस्त रूपले भन्नुपर्दा हामीले के देख्दै र भोग्दै आएका छौं भने जसले सिर्जनात्मक मार्क्सवादको नाउँमा क्रान्तिकारी मार्क्सवादीहरूमाथि जडसूत्रको आरोप लगाउँदै आएका छन् तिनले मार्क्सवादको सिर्जनात्मक प्रयोग होइन कि मार्क्सवादका विरुद्ध प्रतिक्रियावादलाई खुलेआम साथ दिने र अन्ततः आफू प्रतिक्रियावादमै परिणत हुने गरेको देखिआएको छ । नेपालको सन्दर्भमा भन्ने हो भने लामो समय देखि ठीक यहि प्रक्रिया लागु भएरआइरहेको छ ।

यस कुराको उदाहरण हाम्रो सामु प्रष्ट छ, भारतीय विस्तारवादले आफ्ना दलालहरूलाई नेपालको राज्यसत्तामा उभ्याएर तिनै दलालबाट राष्ट्रघाट गराउँदै आईरहेको कुरा सर्वविदित भएकै कुरा हो । हालको कुरा गर्ने हो भने प्रतिक्रियावादी सत्ताका यी वर्तमान प्रधानमन्त्री देउवाले मात्र कुनै नयाँ र नौलो काम कुरो गरि आएका छैनन् । गरि आएका छन् त दलाल प्रतिक्रियावादीहरूको यो राष्ट्रघाट गर्ने काम यिनिहरूको परम्परागत काम हो । हो, देउवाले अहिलेको भारत भ्रमणमा भारतीय विस्तावादीहरूलाई एउटा नयाँ कोसेलीको रूपमा कोशी उच्चवाँध जस्तो थप राष्ट्रघाटी सम्झौता गरेर आएका छन् । यो पनि उनीहरूको पुर्ख्यौली काम नै हो । यस्तो शृङखला सितिमिति रोक्ने वाला छैन, यस्तो शृङखला रोक्न शान्तिपूर्ण सडक आन्दोलन (जुलुस, नारा र सडक अन्तरक्रिया) मा सीमित रहेर रोकेर रोकिने विषय वस्तु हैन । यस्तो राष्ट्रघाती शृङखला रोक्न राष्ट्रिय स्वाधिनताको रक्षा, जनतन्त्र र जनजीवीकाको सुनिश्चितता कायम गर्नु जरुरी छ । जसको निमित्त देशका सम्पूर्ण क्रान्तिकारी कम्युनिस्टहरू, देशभक्त वाम्पन्थीहरू तथा तमाम् श्रमजीवी जनसमुदायहरू एकताबद्धभई बलप्रयोगको विरुद्ध बलप्रयोग गर्नुपर्ने मूल्य र मान्यतालाई अंगिकार गरी त्यो दलाल, नोकरशाही पूँजीपति तथा सामन्तवर्गीय प्रतिक्रियावादी राज्यसत्ता र त्यसका हिमायती र हिस्सेदारहरू सबका सबको विरुद्ध नयाँ जनवादी क्रान्तिलाई जुझारु ढंगले उठान गरी संसदीय प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त पारी नयाँ जनवादी जनगणतन्त्रीय राज्यव्यवस्था कायम गर्न आवश्यक तयारीका साथ नयाँ जनवादी क्रान्तिमा जुट्न ढिलो हुँदैगइरहेको छ, जिम्मेवार सबै पक्षले गम्भीरता साथ सोच्नु जरुरी छ ।

हिजोआज नेपाली भूमिभित्र संसदवादीहरूसँग घाँटी जोदेर ती लालगद्दार दक्षिणपन्थी अवसरवादमा भासिएर नवसंशोधनवादमा विलय हुनपुगेकाका पिछलग्गुहरू, मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोणबाट सुसज्जित क्रान्तिकारी कम्युनिस्टहरूलाई क्रान्ति विरोधी घेरावन्दीभित्र बनाउन मरिमेट्दै आइरहेका छन् । र पार्टीभित्रै पनि गैरमार्क्सवादी चिन्तन छरपस्ट गर्ने कुचेस्टा यदाकदा देख्नमा आएको महशुस हुन आउनु पक्कै पनि क्रान्तिकारी पार्टीको निमित्त सुखद कुरो हुनसक्तैन र हैन, यस अर्थमा क्रान्तिकारीहरू सचेत हुनु जरुरी छ । देशको राष्ट्रिय स्वाधिनता जनतन्त्र र जनजीवीका जस्तो अत्यन्तै सम्वेदनशील राष्ट्रिय समस्यामाथि कुत्सित मानसिकता बोकी, स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भूअखण्ड राष्ट्र नेपाललाई उनीहरूको आफ्नो विदेशी मालिक विशेषतः भारतीय विस्तारवादको गुलामी बनाउने कसरतमा जुटेका छन् । दलाल, नोकरशाही पूँजीपति तथा सामन्तवर्गको नेतृत्वमा रहेको अर्धसामन्ति अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक संसदीय प्रतिक्रियावादी राज्याव्यवस्थालाई ध्वस्त पारी नेपालमा नयाँ जनवादी गणतन्त्र कायम गर्ने उद्देश्यका साथ, हिजो महान ऐतिहासिक दश वर्षे दीर्घकालीन सशस्त्र जनयुद्धमा जुटेका थियौं । तर, ती नेतृत्वदाई लालगद्दार प्रचण्ड र बाबुराम जस्ताको विश्वासघाती क्रियाकलापले गर्दा अधुरो र अपूरो रहिरहेको जनयुद्धको त्यो लक्ष र उद्देश्यलाई पूर्णता प्रदान गर्नु आजको अत्यावश्यक काम हो र यस महान कार्य सम्पन्न गर्न नेपाली विशेषतामा आधारित रहेर आजको आवश्यकता अनुरूप नयाँ जनवादी क्रान्तिलाई टुङ्गोमा पुऱ्याउन, नेपालका तमाम क्रान्तिकारी कम्युनिस्टहरू, देशभक्त वाम्पन्थीहरू, शोषित पीडित आम श्रमजीवी जनसमुदायलाई क्रान्तिकारी सुझबुझता अपनाई एकताबद्ध तुल्याई (पारी) क्रान्तिकारी पहलकदमि लिनु क्रान्तिकारी कम्युनिस्ट पार्टीको यो राष्ट्रिय दायित्व हो र विना अपवाद यस महान कार्यको पहलकदमी लिन जुट्नै पर्छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लाराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बागलुङ |
|---|---|
| ०१४३८८३१३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बागलुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बागलुङबाट : पोखरा, काठमाडौं बुर्तिबाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# महान् अक्टुबर समाजवादी क्रान्ति

फरवरी क्रान्तिले लेनिनलाई रुस फर्किने सम्भावना दियो । जनता आफ्नो नेताको प्रतिक्षा गर्दै थिए । तर अस्थायी सरकार तथा अरु देशहरूका पुँजीपतिहरू लेनिनसँग तर्सन्थे । उनीहरूले हर तरिकाले लेनिनलाई रुस फर्कन नदिने कोसिस गरे । विभिन्न कठिनाईहरू पार गर्दै लेनिन ३ अप्रिल, १९१७ को दिन पेत्रोग्राद आईपुग्नु भयो । ट्रेन धेरै राति अबेला फिनल्याण्ड स्टेशनमा आईपुग्यो । हजारौं मजदुरहरू, सैनिक तथा नौसैनिकहरू साँझदेखि नै स्टेशन अगाडिको चोकमा जम्मा भैसकेका थिए र आफ्नो नेताको प्रतीक्षा गर्दै थिए । उनीहरू लेनिनको विवेकपूर्ण कुरा, रुसमा घटिरहेका घटनाहरूबारे उहाँको मूल्याङ्कन सुन्न चाहन्थे । मेन्शेभिक नेताहरू पनि लेनिनको स्वागत गर्न आएका थिए। उनीहरू लेनिनलाई कुरामा फसाएर राख्न चाहन्थे र जनता सकक्ष उहाँलाई बोल्न नदिने जाल रच्दै थिए । तर ट्रेनबाट निस्कनसाथ नै लेनिन सिधा स्टेशनको चोकतिर लाग्नुभयो । जनताले ठूलो हर्षोल्लाससहित आफ्नो नेताको स्वागत गरे । क्रान्तिकारी सैनिकहरूले लिएर आएको एक बुलेट प्रुफ गाडीले मञ्चमा काम गऱ्यो । आफ्नो भषणमा लेनिनले भन्नुभएको थियो- 'जारको तक्ता उल्टिसकेको छ, तर जमिनदारहरू तथा पँजीपतिहरूको सत्ता कायमै छ। जमिन कलकारखाना आदि यथावत् जमिनहरूकै हातमा छन् । उनीहरू मजदुर तथा किसानहरूको भाषण गर्दै छन् । पुँजीपतिहरू तथा जमिनदारहरूको सत्ताको ठाउँमा श्रमिक जनताको सत्ता कायम हुनुपर्छ। जनता नै समस्त जमिन, कलकारखानाको मालिक बन्नुपर्छ । लेनिनले आफ्नो भषणको अन्त्यमा नारा दिनुभयो- 'समाजवादी क्रान्ति-जिन्दवाद !'

भोलिपल्ट, ४ अप्रिलको दिन बोल्शेभिकहरूको वैठकमा लेनिनको पार्टीको भावी क्रियाकलापसम्बन्धी योजना प्रस्तुत गर्नुभयो । लेनिनले भन्नुभयो- 'जनताको अगाडि बडो धैर्यपूर्वक अस्थायी सरकारका सव कबुलहरूको कपटी चरित्र स्पस्ट पार्नुपर्छ।सोभियतहरूमामेन्शेभिकहरूतथा ऐसेरहरूको गद्दारीको भन्डाफोर गर्नुपछ, सोभियतहरूलाई बोल्शेभिकहरूको पक्षमा ल्याउनुपर्छ । मजदुर एवम् सैनिक डेपुटीहरूका सोभियतहरूले किसानहरूलाई जमिन दिनुपर्छ, कलकारखानाहरूमा मजदुर नियन्त्रण राख्नुपर्छ, रुसलाई युद्धबाट उम्काउनुपर्छ। जनताको समर्थनसहित सोभियतहरूले देशको सम्पूर्ण सत्ता आफ्नो हातमा केन्द्रित गर्नुपर्छ र उनीहरू यो काम गर्न सक्छन् । 'सम्पूर्ण सत्ता सोभियतहरूलाई !' भन्ने जुन नारा लेनिनले प्रस्तुत गर्नु भएको थियो, त्यसले क्रान्तिको शान्तिपूर्ण बाटो देखाउँथ्यो । बोल्शेभिकहरूले मजदुर, सैनिक तथा किसानहरूबीच व्यापक प्रचारकार्य सुरु गरे । उनीहरूको स्पष्ट कार्यक्रम श्रमिक जनताको आन्तरिक अभिलाषा अनुकुल थियो । मजदुर, किसान एवम सैनिकहरूबीच बोल्शेभिकहरूको प्रभाव तीव्रगतिले बढ्न थाल्यो ।

कारखानाको चोकमा मजदुरहरू जम्मा भएका थिए । आमसभा चल्दै थियो अस्थायी सरकारका कुनै मन्त्री बडो गरमागरम भाषण गर्दै थिए, तर आफ्नो जीवनअवस्थामा कहिले सुधार आउने हो भन्ने कुरा मजदुरहरूले बुझ्न सकिरहेका थिएनन् । मन्त्री भन्दै थिए-'सबैभन्दा पहिला लडाँइ जित्नुपर्छ, त्यसपछि चुनाव पर्खनुपर्छ, त्यसपछि.....। भीडमा नाराहरू सुनिन थालिए-'लडाई मुर्दावाद ! रोटि, शान्ति र स्वतन्त्रता देउ !' सिट्टीहरूको आवाज र होहल्लाबीच मन्त्री आफ्नो भाषण नसकई मन्चबाट ओर्लन्छन् । मजदुरहरू बडो ध्यानपुर्वक एक बोल्शेभिक नेताको भाषण सुन्दैछन् । लेनिनवादी कार्यक्रमको प्रत्येक शब्द उनीहरूलाई स्पष्ट हुन्छ ।

अब मजदुरहरूले अक्सर अस्थायी सरकारका प्रतिनिधहरूको भाषण सुन्न अस्वीकार गर्न थाले, झनझन बढी मान्छेहरूले जमिनदारहरू तथा पुँजीपतिहरूको कुरामा विश्वास गर्न छोडे । अस्थायी सरकारमा एसेर पार्टीको सहभागिताले पनि सरकाले जनतामा आफ्नो प्रभाव बढाउन सकेन । तसर्थ, उनीहरूले हतियाद्वारा बोल्शेभिकहरूलाई चुप लगाउने निर्णय गरे । जुलाई, १९१७ मा युन्केरहरू (सैनिक अफिसर स्कुलका छात्रहरू) ले पेत्रोग्रादमा मजदुर तथा सैनिकहरूको युद्धविरोधी जुलुसमाथि गोली चलाए । अस्थायी सरकारले लेनिनलाई गिरफ्तार गर्ने आदेश जारी गरे । पुलिसले एउटा अर्को गोप्य आदेश पायो-'क्रन्तिको नेताको हत्या गर ।' देशभरी बोल्सेभिकहरूमाथि धरपकड सुरु भयो । अब प्रजातन्त्रसम्बन्धि सब कुरा पन्छाएर अस्थायी सरकारले श्रमिक जनतामाथि प्रहार गर्न सुरु गऱ्यो ।

आफ्नो नेताको जीवन बचाउने उद्देश्यले बोल्शेभिक पार्टीले लेनिनलाई गुप्तबासमा पठाउने निर्णय गऱ्यो । पेत्रोग्रादको एक उपनगरमा रहेको राजलिभ स्टेशनबाट करिब ५-६ किलोमिटर टाढा एउटा सानो तलाउको एकान्त किनारमा बनेको छाप्रोमा एक किसानको भेषमा लेनिनले बसोबास गर्न थाल्नुभयो । लेनिनले त्यहीबाट सङ्घर्षको निर्देशन गर्न सुरु गर्नुभयो । अक्सर साथीहरू लेनिनबाट सल्लाह तथा निर्देशनहरू पाउन त्यहाँ आउने गर्थे । लेनिन ठान्नुहुन्थ्यो-अस्थायी सरकारको क्रियाकलापले बोल्शेभिकहरूलाई शान्तिपूर्ण तरिकाले सत्ता लिने सम्भावनाबाट वञ्चित तुल्याएको छ, क्रान्तिको शान्तिपुर्ण अवधि खत्तम भइसकेको छ । अब जनतालाई जमिनदारहरू तथा पुँजीपतिहरूका विरुद्ध सशस्त्र क्रान्तिको लागि तयार गर्नुपर्छ ।

अगस्ट १९१७ मा बसेको छैटौं पार्टी कंग्रेसले सशस्त्र विद्रोहका लागि तयारी गर्ने प्रस्ताव स्वीकार गऱ्यो । सन् १९१७ को शरदतिर देशको अवस्था झन् बिग्रन थाल्यो । लडाइँ चालु थियो, अनिकाल बढ्दै थियो, कलकारखाना बन्द थिए । अस्थायी सरकारलाई हटाउनुपर्छ र सत्ता आफ्नो हातमा लिनुपर्छ भन्ने कुरा बहुसंख्यक जनताले बुझ्न थालिसकेका थिए । बोल्शेभिकहरूको नेतृत्वमा कलकालखानाहरूका मजदुरहरूको सशस्त्र टोलीहरू बन्न थाले । यस्ता टोलीहरूका योद्धाहरूलाई लालगार्ड भन्न थाले, उनीहरूको रियासतहरू जलाउन थाले । मोर्चामा पनि सिपाहीहरू लडाँइमा भाग लिन अस्विकार गर्दै थिए । उनीहरूले जनरल तथा अफिसरहरूको आदेश पालना गर्न छाडेका थिए ।

हरप्रकारको दमनका बाबजुद पनि बोल्शेभिक पार्टी निरन्तर बढ्दै थियो । अप्रिल १९१७ मा बोल्शेभिक पार्टीमा ८० हजार सदस्य थिए भने जुलाइ महिनामा यो संख्या बढेर २ लाख ४० हजार पुगिसकेको थियो ।

सशस्त्र विद्रोह सफल तुत्याउनका लागि विद्रोहसम्बन्धी स्पष्ट योजना तयार हुनुपर्थ्यो । लेनिनले यस्तो योजना तयार पार्नुभयो । लेनिनले भन्नुभएको थियो-बिद्रोह त्यसबेला सुरु हुनुपर्छ, जब अस्थायी सरकारले यसको सम्भवना देखेको हुदैन । विद्रह सुरु भईसकेपछि निरन्तर अगाडि बढ्दै जानुपर्छ। 'प्रतिरक्षा सशस्त्र विद्रोहको अन्त्य हो' लेनिनले भन्नुभएको थियो । सबैभन्दा पहिले, कुनै पनि मूल्यमा रेल-वे स्टेशनहरू, पोस्टअफिस, टेलिग्राफ, टलिफोन, नेभा नदिको पुल कब्जा गरिहाल्नुपर्छ । एकीकृत विद्रोह हेडक्वाटरको नेतृत्वमा छिटो-छिटो र निर्णायक रूपमा काम गर्नुपर्छ। यस विद्रोह हेडक्वाटरमा सशस्त्र मजदुर, सैनिक तथा नौसैनिकरुलाई एबत्रित पार्नुपर्छ र यिनीहरूको निर्देशन गर्नुपर्छ ।


७ अक्टुवर, १९१७ को दिन लेनिन गुप्त रूपमा पेत्रोग्राद फर्कनुभयो । दुई दिनपछि बोल्शेभिक पार्टीको केन्द्रिय समितिको बैठक बस्यो । यस बैठकमा भाषण गर्दै लेनिनल भन्नुभएको थियो कि अस्थायी सरकारलाई हटाउने मौका अइरहेको छ, जनता विद्रोहको लागि तयार छ । बोल्शेभिक पार्टीको केन्द्रिय समितिले अविलम्व सशस्त्र विद्रोहको लागि तयारी गर्ने निर्णय पारित गऱ्यो ।

विद्रोहको नेतृत्व गर्न पेत्रोग्राद सोभियतअन्तरगंत सामरिक क्रान्तिकारी कमिटि गठन गरियो । यस कमिटिमा पार्टी केन्द्रिय समितिका प्रतिनिधिहरू, पेत्रोग्राद सोभियत, ट्रेड-युनियनहरू, वाल्टिक नौसेना तथा अन्य संस्थाहरूका प्रतिनिभिहरू सम्मिलित थिए । बोल्शेभिक पार्टीका विख्यात कार्यकर्ता निकोलाई पद्भोइस्की यस कमिटीका अध्यक्ष मानोनित भए ।

सब कलकारखानाहरू तथा पेत्रोग्रादका सब सैनिक टुकडीहरूमा सामरिक क्रान्तिकारी कमिटिले आफ्ना प्रतिनिधिहरू पठाए । पुँजीपतिहरू तथा जमिनदारहरूको विरुद्ध निर्णायक संग्रामको तयारी हुन थाल्यो ।

लेनिनको प्रस्तावअनुसार २४ अक्टुबर (नयाँ शैली अनुसार ६ नोभेम्बर) को दिन यो विद्रोह सुरु भयो । लेनिनको नेतृत्वमा गठित विद्रोह हेडक्वार्टर स्मोल्नी इन्स्टिच्युटमा राखिएको थियो। पेत्रोग्रादका सडकहरूमा जतातत्तै स्मोल्नी इन्स्टिच्युटतिर जान थालेका श्रमिकहरूका सैनिक टुकडीहरू देखिन्थे । युन्केरहरूले नेभा नदी पार गर्ने पुल खोल्न नदिने र लालगार्डहरूलाई सहरको केन्द्रीय भागभित्र पस्न नदिने प्रयास गरे । तर विद्रोहीहरूको शक्तिशाली प्रभाव रोक्न असम्भव थियो । लालगार्डहरूले युन्केरहरूलाई पछाडि हटाए र पुलहरू कब्जा गरे । मजदुरहरू संगसंगै सैनिकहरू तथा नौसैनिकहरू पनि स्मोल्नी जाँदै थिए । जोसँग हतियार थिएन, उनीहरूले स्मोल्नीको चोकमा बन्दुक र ग्रिनेडहरू पाए । तोपखानाबाट मेशिनगनहरू पनि ल्याइपुऱ्याए । अब स्मोल्नी इन्स्टिच्युट सैनिक शिविरमा परिणत भइसकेको थियो। सबै प्रवेशमार्गहरूमा पहरा लागेको थियो । काटी कसिएका घोडाहरू तयार थिए । तोपहरू पनि ल्याइल्नी इन्स्टिच्युट सैनिक शिविरमा परिणत भइसकेको थियो । सबै प्रवेशमार्गहरूमा पहरा लागेको थियो। काटी कसिएका घोडाहरू तयार थिए । तोपहरू पनि ल्याइपुऱ्याए । स्मोल्नीका लामा मटानहरूमा सैनिक कमाण्डरहरू आवतजावत गरिरहेका थिए । केही कमाण्डरहरू आदेश लिन जाँदै थिए त केही पाएको आदेश पूरा गर्न आफ्नो सैनिक टुकडीतिर लाग्दै थिए । लेनिन र उहाँका सहयोगीहरू यी सैनिक टुकडीहरूलाई निर्देशन दिँद थिए । सैनिक विद्रोह सम्बन्धि योजना राम्ररी पालना भइरहेको छ या छैन भन्ने कुरा उनीहरू बडो गम्भीरतापूर्वक जाँच गर्थे । लालगार्ड टुकडी युन्केरहरूको कडा प्रतिरोध सामना गर्दैछ भन्ने खबर आइपुग्छ । उनीहरूलाई मद्दत गर्न बाल्टिक नौसैनिकहरूको एक टुकडी अबिलम्ब पाइपुग्छ । कुनै पनि हालतमा थामिनुहुन्न, अगाडि बढ्या बढै गर्नुपर्छ । २५ अक्टोबरका दिन स्मोल्नीमा एक पनि अर्को खुसीका खबरहरू आउन थाले- 'टेलिग्राफ कब्जा भयो', 'रेल-वे स्टेशनहरू कब्जा भए', 'टेलिफोन स्टेशन कब्जा भयो ।' सहरको अधिकांश भाग विद्रोही जनतको हातमा आइसकेको थियो । तर क्रान्तिको विजयको लागि शिशिर प्रासादमाथि कब्जा गर्नु आवश्यक थियो र अस्थायी सरकारलाई गिरफ्तार गर्नुपर्थ्यो ।

अस्थायी सरकारका मन्त्रीहरू शिशिर प्रासादको एउटा कोठामा जम्मा भएका थिए । टेलिफोनहरू चुप छन्, तार-सञ्चार बन्द छ । विशाल सागरको बिचमा रहेको कुनै निर्जन टापुमा असहाय परेर बसेका मानिसहरूझैं यी मन्त्रीहरू सम्पूर्ण राष्ट्रबाट अलग्गिएर बसेका थिए । शिशिर प्रासादको वरिपरी हतार हतार लगाइएको बैरिकेडहरू पछाडि करिब ७ सय ५० अफिसर तथा युन्केरहरू लुकेर बसेका छन् । उनीहरूका बन्दुहरू र मेशिनगनहरू शिशिर प्रासाद अगाडिको चोकतर्फ तेर्सिएका छन्, त्यही चोक जहाँ ९ जनवरी, सन् १९०५ मा मजदुरहरूको शान्तिपूर्ण जुलुसमाथि गोली चलाइएको थियो । त्यसबेला मजदुरहरू जारसँग दयाँमायाँको भिख माग्न गएका थिए । आज जबरजस्ती शक्ति हातमा लिने बेला आएको थियो ।




विद्रोहीहरूले अस्थायी सरकारलाई आत्मसमर्पण गर्नका लागि अल्टिमेटम पठाए। कुनै जवाफ आएन। तब सामरिक क्रान्तिकारी कमिटिको निर्णयअनुसार शिशिर प्रासादमाथि हमला गर्ने आदेश दिइयो । सामरिक जहाज 'आभ्रोरा' बाट हानिएको तोपको आवाज यस आक्रमणको संकेत थियो । शिशिर प्रासादमाथि हमला सुरु भयो । लाल गार्ड, सैनिक तथा नौसैनिक टुकडीहरू शिशिर प्रासाद चोकमा पुगे। युन्केरहरूले गोलीको अन्धाधुन्ध प्रहारद्वारा उनीहरूको सामना गरे । विद्रोहीहरू गोली चलाउँदै शिशिर प्रासादतर्फ अघि बढ्न थाले । एक बुटेलप्रुफ गाडी गोली छोड्दै थियो । मानिसहरूको भीड दरबारको ढोकाअगाडि पुग्यो । युन्केरहरू नजिकैबाट गोली चलाउँदै थिए । अन्त्यमा गएर अफिसर र युन्केरहरूको सब प्रतिरोध विफल भयो । शिशिर प्रासादको ढोका खुला थियो । मानिसहरूले फलामको ढोका धकेल्न थाले । एकैछिनमा भीडको दबाबमा परेर त्यो बडेमाको फलामको ढोका खुल्यो । विद्रोहीहरू शिशिर प्रासादभित्र पसे र दरबारभित्रका बहुसंख्यक कोठाहरू तथा हलहरू पार गर्दै त्यस कोठामा पुगे, जहाँ अस्थायी सरकारका मन्त्रीहरू लुकेर बसेका थिए । आफ्नो बाटो रोक्न खोजेका युन्केरहरूको हतियार खोसेर उनीहरूलाई गिरफ्तार गरिसकेपछि विद्रोहीहरू कोठाभित्र बसे, जहाँ केही मन्त्रीहरू डरले थर्कमान भएर टेबुल वरिपरी बसेका थिए । रुसका पुँजीपतिहरू तथा जमिन्दारहरूको अन्तिम सरकार-तथाकथित अस्थायी सरकार पनि थियो । लडाईले तातिएका विद्रोहीहरू छुद्र मानिसहरूको यस जत्थाप्रति बढो घृणापूर्वक हेर्दैथिए । बोल्शेभिक आन्तोनभ-ओभ्सेएन्कोले अगाडि बढ्दै बडो शान्ति एवं. दृढ स्वरमा भने- 'पेत्रोग्राद सोभियतको सैनिक क्रान्तिकारी समितिको नामबाट म घोषणा गर्दै छु, अस्थायी सरकार भंग भएको छ, अब तपाईहरू गिरफ्तार हुनुहुन्छ ।'

२५ अक्टुबरको साँझपख, जब शिशिर प्रासादमाथि हमला चल्दै थियो, सोभियतहरूको दोस्रो अखिल रसियाली महाधिवेशन सुरु भयो । तारद्वारा सम्पूर्ण देशभरी 'मजदुर सैनिक एवं. किसानहरूलाई' सम्बोधन गरिएको अपिल प्रसारित गरियो । यो अपिल लेनिनले लेख्नुभएको थियो । अपिलमा भनिएको थियो :

'मजदुर, सैनिक एवं. किसानहरूको व्यापक बहुमतको समर्थनसहित, पेत्रोग्रादमा सम्पन्न मजदुर तथा नगररक्षक सेनाको विजयी विद्रोहको समर्थनसहित यस महाधिवेशनले आफ्नो हातमा सत्ता लिएको छ.....महाधिवेशनको निर्णयअनुसार इलाकाहरूमा सम्पूर्ण सत्ता मजदुर, सैनिक एवं. किसान डेपुटीहरूका सोभियतहरूको हातमा आएको छ र यी नै सोभियतहरूले वास्तविक क्रान्तिकारी अवस्था सुनिश्चित गर्ने अभिभारा आफ्नो हातमा लिनेछ ।'

यस प्रकारको सोभियत सत्ता, श्रमिक जनताको एक नयाँ सत्ताको उदय भयो । नयाँ सत्ताको सर्वोच्च अंग सोभियतहरूको अखिल रसियाली महाधिवेशनद्वारा पारित सबैभन्दा सुरुका निर्णयहरूले सम्पूर्ण विश्वका अगाडि देखाएको छ । सोभियत सत्ताको लागि श्रमिक जनताको सुख-सुविधा भन्दा बढी महत्वपूर्ण अर्को कुनै उद्देश्य छैन । बोल्शेभिक पार्टीको केन्द्रीय समितिका तर्फबाट सोभियत सत्ताका प्रथम आज्ञाप्तिहरू घोषणा गर्नका लागि लेनिन मञ्चमा आउनुभयो । महाधिवेशनमा भेला भएका प्रतिनिधिहरूले क्रान्तिका महान नेताको ठूलो जयजयकार र करतलध्वनीसहित स्वागत गरे, 'सोभियत सत्ता जिन्दावाद !, लेनिनको जय होस !, लेनिन जिन्दावाद !' लेनिनले महाधिवेशनका प्रतिनिधि समक्ष युद्धरत राष्ट्रहरूका श्रमिक जनता र सरकारहरूलाई युद्ध बन्द गर्ने र त्यस्तो सन्धीमा हस्ताक्षर गर्ने, जुन संसारभरीका जनजातिहरूको लागि न्यायपूर्ण होस, त्यस्तो सन्धीका लागि अबिलम्ब अपिल जारी गर्ने प्रस्ताव राख्नुभयो, जसमा केही राष्ट्रहरूले अन्य राष्ट्रहरूलाई दास बनाउने छैन । प्रतिनिधिहरूले सर्वसम्मतिद्वारा शान्ति सम्बन्धि आज्ञाप्ति पारित गरे । त्यसपछि लेनिनकै प्रस्तावअनुसार महाधिवेशनले भूमि सम्बन्धि आज्ञाप्ति स्वीकार गऱ्यो । यस आज्ञाप्तिले जमिनमाथि जमिनदाहरूको स्वामित्व अन्त्य गरिदियो । किसानहरूको आफ्नो उपयोगका लागि १५ करोड हेक्टर भन्दा बढी जमिन निशुल्क पाएर जमिनदारहरूलाई बर्सेनि तिर्दै जानुपर्ने ७० करोड स्वर्ण रुबलको लगानीबाट पनि मुक्ति पाए । यसबाहेक उनीहरूले पुराना रियासतहरूमा रहेका करिब ३० करोड स्वर्ण रुबल मूल्यको विभिन्न कृषि औजारहरू पनि पाए । सम्पूर्ण जमिन, जंगल र स्रोतहरूको राष्ट्रियकरण गरियो । यस प्रकारले किसानहरूले, जो जनसंख्याको बहुमत थिए, आफ्नो चीर प्रतिक्षित जमिन र स्वतन्त्रता पाए ।

श्रमिक जनताको युगौ पुरानो सपना साकार भयो । मजदुर तथा किसानहरू देशको मालिक बने । सोभियतहरूको महाधिवेशनले विश्वमा पहिलो श्रमिक सरकार-

सोभियत जनकमिसार परिषद गठन गऱ्यो । भ्लादिमिर इल्यीच लेनिन सर्वसम्मतिद्वारा नयाँ सरकारको अध्यक्ष निर्वाचित हुनुभयो ।

पेत्रोग्रादमा सम्पन्न विद्रोहको विजयसम्बन्धि यो खबर सम्पूर्ण देशभरी फैलियो । विशाल रुसको कुनाकुनामा-साइबेरिया, बेलारुस, मध्य एसिया, युक्रेन, भोल्गा तटवर्ती नगरहरूमा जतातत्तै सोभियतहरूको हातमा सत्ता आएको यो खबर फैलियो । तर धेरैजस्ता सहरहरूमा श्रमिक जनताले क्रान्तिका सत्रुहरूका विरुद्ध धमासानको लडाइ गर्नुपऱ्यो । यसप्रकारले मस्कोमा एक सातासम्म भयंकर लडाई चल्यो । पेत्रोग्रादमा लालगार्ड तथा नौसैनिकहरूले छिमेकी सहरहरूका मजदुरहरूले मस्कोका विद्रोहीहरूका लागि सकेसम्म छिटो मद्दत पठाए । मस्कोमा विद्रोह सफल भयो । सम्पूर्ण देशभरी महान अक्टोबर समाजवादी क्रान्तिको विजय भयो ।

गरिब किसानहरूसँग घनिष्ट रूपमा सम्बन्धित क्रान्तिकारी मजदुरहरूले जनताको नेतृत्व गरेको थियो । त्यसैकारणले नै क्रान्तिको विजय भएको थियो। लेनिनको अध्यक्षतामा बोल्शेभिक पार्टीले श्रमिक जनताको संघर्षको नेतृत्व गर्दै थियो । त्यसैकारणले नै क्रान्तिको विजय भएको थियो । रुसमा सम्पन्न समाजवादी क्रान्तिको विजय युद्धमा रुसको मित्रराष्ट्र बनेको बेलायत र फ्रान्स तथा संसारभरीका पुँजीपतिहरूमाथि एक जोडदार प्रहार थियो। जारशाही रुस आफैं साम्राज्यवादी देश भएतापनि आर्थिक दृष्टिकोणले यो निकै पिछडिएको मुलुक थियो, बढी विकसित साम्राज्यवादी शक्तिहरूमाथि निर्भर थियो । रुस मुख्यतया कृषि वस्तुहरूको निर्यात गर्थ्यो, देशमा प्रयोग हुने आधाभन्दा बढी मेशिन तथा पाटपुर्जाहरू विदेशबाट आयात गरिन्थ्यो। सन् १९१३ मा अर्थव्यवस्थाका आधारभूत क्षेत्रहरू (कोइला तथा पेट्रोलको उत्पादन, धातु उत्पादन) विदेशी पुँजीपतिहरूको अधीन थियो, विशालतम रुसी बैंकहरूको आधा भन्दा बढी पुँजी विदेशीहरूको हातमा थियो । युद्धकालमा आफ्ना मित्रराष्ट्रहरूमाथि रुसको निर्भरता अझ बढ्न गयो । अक्टुबर क्रान्तिले साम्राज्यवादीहरूलाई उनीहरूको पुँजीबाट मात्र वन्चित गरेको होइन, अपितु रुसलाई पूर्णतया दास बनाएर उसको भूभाग विभाजन गर्ने सबै योजना समेत विफल तुल्याइदियो । तर सबैभन्दा मुख्य कुरा त के थियो भने विश्वभरीका पुँजीपतिहरूलाई रुसमा फैलिएको क्रान्तिको ज्वाला कहिँ उनीहरूको देशहरूमा पनि फैलिने त होइन भन्ने ठूलो डर थियो । महान् अक्टुबर क्रान्तिले साम्राज्यवादको अखण्ड प्रभुत्व खत्तम पारिदियो । विश्वको छैटौं भागमा समाजवादको निर्माण कार्य सुरु भयो । विश्व दुई शिविरमा टुक्रियो-मरणासन्न पुँजीवाद तथा विकासोन्मुख समाजवाद । विश्वभरीका श्रमिक जनताका लागि अक्टुबर क्रान्ति संघर्षको एक महान दृष्टान्त बन्न गयो । यस क्रान्तिले विजय तथा स्वतन्त्र एवं. सुखमय जीवनको निर्माणपथ देखाउँदै थियो । आफ्नो क्रियाकलापका सुरुका महिनाहरूमा नै सोभियत सरकारले लेनिनको अध्यक्षतामा देशका अत्यन्त महत्वपूर्ण समस्याहरू हल गर्न थाल्यो । सब कलकारखानाहरूमा मजदुर नियन्त्रण कायम गरियो, श्रमिकहरू कलकारखानाहरूका वास्तविक मालि बन्ने तयारी गर्दै थिए । सर्वोच्च आर्थिक परिषद खडा भयो, बैंकहरू, रेल वे यातायात, व्यापारिक जहाजी कम्पनीहरूको राष्ट्रियकरण भयो, वैदेशिक व्यापारमा राजकीय एकाधिकार कायम गरियो । सन् १९१८ को शरदमा देशका सबैजसो विशालतम औद्योगिक संस्थाहरूको राष्ट्रियकरण प्रक्रिया पूरा भइसकेको थियो । देशको सम्पूर्ण सम्पदा श्रमिक जनताको सम्पत्ति बन्यो । कलकारखानाहरूमा ८ घन्टे मजदुर-दिवस ठेकियो, मजदुरहरूको सबैतनिक आराम बिदा, बिरामी विदा, कार्यक्षमताको क्षति तथा बेकारी अवस्थाका लागि बीमा सुविधा आदि पाए । सोभियत सरकारले अत्यन्त कठिन परिस्थितिमा आफ्नो काम सुरु गर्नुपऱ्यो । अपदस्थ अस्थायी सरकारका ...बाँकी ७ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# संस्कृति र दशैंपर्व



● हिरामणि दुःखी

**१. संस्कृतिको परिचय**

विश्वप्रसिद्ध मार्क्सवादी साहित्यकार म्याक्सिम गोर्कीले संस्कृति भनेको मानवनिर्मित दोस्रो प्रकृति हो भनेका छन् । संस्कृति हरेक मानवसमाजमा कुनै न कुनै रूपमा अवस्थित छ । जसरी पृथ्वीमा प्राकृतिक सम्पदाहरू फरकफरक रहेका छन्, त्यसैगरी संस्कृति पनि मानिसको बसोबास, प्राकृतिक वातावरणसँगको घुलमिलसँगै फरकफरक प्रकारले निर्माण भएका छन् । फरकफरक अक्षांश र देशान्तरमा बसोबास गर्ने मानिसमा फरकफरक संस्कार र संस्कृति पाइन्छन् । अफ्रिकामा बसोबास गर्ने मानिस र साइबेरियामा बस्ने मानिसको खानपान, रहनसहन र भेषभूषा फरक हुन्छ । समुद्री किनारमा बस्ने मानिस र भूपरिवेष्ठित मुलुकमा बस्ने मानिसको जीवन फरक हुन्छ । वातावरण, हावापानी र भूबनोटले मानिसको चेतनामा पनि फरकपन ल्याइदिन्छ । त्यसैले मानिसले आफ्नो अनुकूलता र सापेक्षतामा संस्कृतिको निर्माण गरेको हुन्छ ।

संस्कृतिलाई अर्को शब्दमा मानिसको उत्पत्तिपछि उसको विकासप्रक्रियामा उसले गरेका श्रम र सिर्जनकार्यद्वारा मानवजातिकै थप निर्माण र विकासप्रक्रियाको प्राप्ति भन्न सकिन्छ । अर्थात् संस्कृति मानिसको गतिशील विकासप्रक्रियामा उसको सचेतन प्रयत्नद्वारा निर्मित विकसित प्रतिमान हो । क.माओले यसलाई 'कुनै खास संस्कृति, कुनै खास समाजको राजनीति र अर्थव्यवस्थाको विचारधारात्मक प्रतिबिम्बन हो'१ भनेका छन् । भारतीय लेखक गोरख पाण्ड्येले 'संस्कृति मानिसको त्यस्तो सचेतन र सामूहिक क्रियाकलाप हो, जसले उसलाई प्रकृतिको अचेतन व्यवस्थामाथि सोद्देश्य नियन्त्रण कायम गर्ने क्षमता राख्दछ'२ भनेका छन् । मान्छेले प्रकृतिका अरू जुनसुकै प्राणीभन्दा आफूलाई पृथक् र सचेतन प्राणीका रूपमा विकास गर्नुको कारण उसले गरेको श्रमकार्य, प्रकृतिसँगको सङ्घर्ष र पछि मानवसमाजको विकासक्रममा गरेको वर्गसङ्घर्ष नै हो । यसबाट के कुराको पुष्टि हुन्छ भने मान्छेले आफ्नो विकासप्रक्रियामा प्रकृतिसँग भीषण टक्कर गरेर नै आफूलाई विकसित र समृद्ध तुल्यायो । उसले सचेतन प्रक्रियाद्वारा नयाँनयाँ प्रतिमानहरू खडा गर्दै गयो । तिनै प्रतिमानहरू नै अघिल्ला पिँढीका निम्ति संस्कृति बन्न पुग्यो ।

समाज विकासको क्रमसँगै संस्कृतिको निर्माणमा विचारधाराले पनि प्रभाव पारेको हुन्छ । जसरी वर्गसङ्घर्षले विभिन्न कालखण्डमा भिन्नभिन्न विचारको विकास गऱ्यो, त्यसैगरी संस्कृतिप्रतिको बुझाइ पनि भिन्न रूपले निर्माण भएको छ । अहिलेसम्म भौतिकवादी र अध्यात्मवादी दुई किसिमका विचारधाराको विकास भएको छ । संस्कृतिको निर्माण पनि त्यसैअनुरूप भएको छ । भौतिकवादी विचारधाराले संस्कृतिलाई मानिसको अनिवार्य उपज ठान्दछ र मानिस मात्रको विकास, उन्नति र प्रगतिका लागि सोहीअनुरूपको संस्कृति निर्माण गर्दछ । यसलाई जनवादी संस्कृति वा साम्यवादी संस्कृति भनिन्छ । अर्कोतर्फ अध्यात्मवादी दर्शनले संस्कृतिलाई पारलौकिक शक्तिको उपज ठान्दछ र त्यसअनुसार मानिसको पूर्वजन्म र पुनर्जन्मको कथासँग लगेर धर्मलाई जोडिदिन्छ । यसैले अध्यात्मवादीहरूले संस्कृतिलाई धर्मसँग जोड्ने भएकाले मानिसले एउटा कालखण्डबाट आफ्नो धर्म र जातअनुसार मनाउँदै आएका चाडपर्व, रीतिरिवाज, संस्कार र संस्कृतिलाई पनि धर्मसँग जोडेर मान्ने गरेका छन् । यसर्थ संस्कृतिको निर्माण पनि भिन्नभिन्न धर्मअनुसार भिन्नभिन्न रहन गएको छ ।

**२. दसैंको सुरुआत : मातृशक्तिको प्रभाव**

दसैं पर्व हिन्दू धर्मावलम्वीहरूको एउटा विशेष पर्व हो । यो आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म मनाइन्छ । प्रतिपदादेखि नवमीको रात्रीसम्म नवदूर्गा (मिथक)को पूजा गर्ने र दशमीका दिन विजयउत्सव मनाउँदै नवदूर्गाको प्रसादका रूपमा टीका-जमरा लगाउने गरिन्छ । यसलाई विजयपर्वका रूपमा बडादसैं भनेर मनाउने प्रचलन छ । दस दिनसम्म मनाउने पर्व भएकाले दशमीबाट अपभ्रंश हुँदै दसैं भएको हुनु पर्छ । त्यसपछि एकादशीदेखि पूर्णिमासम्म कोजाग्रत पर्व मनाइन्छ । कोजाग्रतको अर्थ हो, 'को जाग्रतः' । अर्थात् जाग्राम रूपमा रात बिताएर बस्नुपर्ने पौराणिक मान्यताअनुसार को जागा बस्छ भनेर कोजाग्रत भनिएको हो । दसौं दिनसम्म शूर र अशूर (मिथक)हरूका बीच लडाइँ भएर शूर हरूले आशूरीहरूलाई विजय प्राप्त गरेपछि पुनः आशूरीगणहरूले घात गर्न नपाऊन् भनेर जागा बस्ने प्रचलन रहेको हुन सक्छ ।

दसैं पर्वलाई मातृशक्तिको प्रभावका रूपमा लिइएको छ । किनकि नवदूर्गामा नौवटा फरकपरक देवीहरूको पूजा गरिनु त्यसैको प्रमाण हो । दूर्गा सप्तशतीमा भनिएको छ-

*इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति*
*तदा तदा वतीर्याऽहं करिश्यामि अरीक्षयम् ।* ३

अर्थात् जुनजुन बेला आतङ्ककारी शक्ति बढेर शान्तिसुरक्षामा बाधा पुऱ्याउँछन्, त्यो त्यो बेला शक्तिका रूपमा आएर ती दुष्टहरूलाई नाश गरी सज्जनहरूलाई रक्षा गर्नेछु भनेर काली भगवतीले देवगणहरूसँग भनेको कुरा उल्लेख गरिएको छ । यसरी ती काली भगवतीका रूपमा प्रकट भएकी दूर्गादेवीले महिषासुर, शण्ड, मुण्डजस्ता दानवगणका नायकहरूलाई संहार गरेर देवगणको रक्षा गरेकाले शक्तिस्वरूप दूर्गाभवानी भनेर नौ दिनसम्म पूजा गर्ने प्रचलन बसालियो । नवदूर्गाको फरकफरक प्रकृतिको चर्चा गर्दै सप्तसती चण्डीमा भनिएको छ-

*प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी*
*तृतीयं चन्द्रघण्टे ति कूष्माण्डेति चतुर्थकम्*
*पञ्चमं स्कन्धमातेति षष्ठं कात्यायनीति च*
*सप्तमं कालरात्रीश्च महागौरीति चाष्टम्*
*नवमं सिद्धिदात्री च नवदूर्गाः प्रकृतिता*
*उक्तान्येतानि नामानि ब्रह्मणैव महात्मना ।*४

अर्थात् दूर्गाको पहिलो रूपलाई शैलपुत्री बताइएको छ । उनलाई हिमालय पर्वतकी छोरीका रूपमा उत्पन्न भएको मानिएको छ । त्यस्तै, दोस्रो रूप ब्रह्मचारिणी हो, जुन तपस्विनीका रूपमा लिइन्छ । ब्रह्मको अर्थ तप ध्यानद्वारा देवत्व प्राप्त गर्नसक्ने शक्ति भनेर वर्णन गरिएको छ । तेस्रो स्वरूपलाई चन्द्रघण्टा भनिएको छ । यसलाई कल्याणकारीका रूपमा लिइन्छ । चौथो स्वरूप कुश्माण्डा हो । यो मुस्कानबाट प्राप्त भएकाले अन्धकारमा परेका देवताहरूलाई उज्यालो प्रकाश छर्दै आएको शक्ति स्वरूप मानिएको छ । पाँचौं स्वरूप स्कन्धमाता मानिन्छ । देवासुर संग्राममा स्कन्धकुमार, कार्तिकेयलाई देवताहरूको सेनापति मानिएको र तिनै शक्तिशाली स्कन्धकुमारकी आमा भएकाले स्कन्धमाता भनिएको हो । छैटौं शक्तिमा कात्यायनीलाई लिइएको छ भने सातौं शक्तिमा कालरात्रीलाई लिइएको छ । यिनीलाई चार हात भएकी, चम्किलो तरबार धारण गरेकी, सबलाई मार्नसक्ने कालका रूपमा लिइएको छ । आठौं शक्तिको नाम हो महागौरी । यिनलाई शंखचक्रजस्तै गोरो वर्णकी बताइएको छ भने नवौं शक्तिमा सिद्धिदात्रीलाई लिइन्छ । यिनलाई विभिन्न आठ नामका सिद्धि दिनसक्ने शक्तिका रूपमा वर्णन गरिएको छ ।

यसरी नौ दिनसम्म माथि उल्लेख गरिएका देवीहरूको महिमा गाउने, पूजा गर्ने र स्वस्ती गर्ने गरिन्छ । त्यसपछि दसौं दिनमा तिनै देवीहरूको पूजा गरी प्राप्त भएको प्रसादका रूपमा टीका-जमरा लगाएर मान्यजन वा ठूलाबडा भनिएकाहरूबाट आशीर्वचन लिएपछि वर्षभरि सुखशान्ति, धनधान्य, ऐश्वर्य आदि प्राप्त हुने कुरा पौराणिक ग्रन्थ चण्डी सप्तसतीको महिमामा बताइएको छ ।

यहाँ बुझ्नुपर्ने अर्को तथ्य के छ भने वैदिक कालमा सबैभन्दा ठूला मान्यजन भनेर ब्राह्मणलाई लिइएको छ । ब्राह्मणलाई वेद पढ्नु, धार्मिक ग्रन्थहरू पढ्नु, पूजा गर्नु, दानदक्षिणा लिनुदिनुजस्ता काम गर्ने वर्गका रूपमा लिइएको छ । त्यसैगरी, क्षत्रीलाई शासन गर्ने राजामहाराजाको वर्गमा लिइएको छ । त्यसैले दूर्गापूजा गर्ने काम ब्राह्मण अर्थात् पूरोहितपण्डितहरूको भएकाले सर्वप्रथम उनीहरूको हातबाट टीका-जमरा लगाउने र आशीर्वचन लिने गरेको पाइन्छ । त्यसपछि शासकका रूपमा रहेका राजामहाराजाहरूबाट टीका थाप्ने प्रचलन बसालियो । उन्नाईसौं र बीसौं शताब्दीसम्म आउँदा गाउँका जिमुवाल, मुखिया, पटुवारी, बडाहाकिम, बडघर, महतौं आदि हुँदै घरमूलीका रूपमा रहेका वृद्धवृद्धाहरूबाट टीका लगाउने प्रचलन आएको छ । यसले दसैंपर्व दास संस्कृतिको प्रतीक भएको पुष्टि गर्दछ । अन्ततः घरमूली भन्नु पनि घरसत्ताको प्रमुख नै हो । यसले पनि दसैं मनाउनु भनेको सामन्तवादी संस्कृतिको संरक्षण गर्नु हो भन्ने अर्थ जनाउँछ । चण्डी, दूर्गा सप्तशती आदि इत्यादि जेजति पनि आध्यात्मिक शास्त्र र कथाहरूमा वर्णित पात्रहरू छन् ती सबै मिथक हुन् । ती कुनै पनि इतिहासका घटनाक्रम र भौतिक पात्र पात्रा होइनन् । भौतिकवादीहरूले बुझ्नुपर्ने कुरा यो हो ।

**३. दशैंको सामाजिक प्रभाव**

वर्तमान समयमा यो 'विजयादशमी' लाई सकिनसकी हिन्दू समुदायका मानिसहरूले मनाउँदै आएका छन् । वर्ष दिनको सबैभन्दा ठूलो चाडका रूपमा मनाइने भएकाले यो चाडलाई पारिवारिक मिलनका रूपमा पनि मनाइन्छ । देशविदेश गएका आफन्तजनहरू जहाँबाट जसरी भए पनि घरमा आउने, गाउँले दाजुभाइ, इष्टमित्र एकजुट हुने र नाचगान गर्ने, पिङ खेल्ने, मासुभात खाने आदि गरेर रमाइलो गरिन्छ । यसले एक हदसम्म सामाजिक वैमनस्यलाई तोडेर सद्भाव निर्माण गर्न मद्दत पुऱ्याउने गर्दछ । पारिवारिक तथा कुलकुटुम्बका बीच रहेका तिक्तताहरूलाई मेटाउन मद्दत पुऱ्याउँछ । वर्षभरि खाने धान, मकै, कोदो, दलहन बालीजस्ता अन्न भित्र्याउने समय भएकाले ऋतुगत हिसाबले पनि रमाइलो हुन्छ । यही मौसममा पर्ने चाड भएकाले केही समय भए पनि समाजमा शान्ति कायम भएको महसुस गर्न पाउनुजस्ता सकारात्मक पक्षहरू पनि छन् ।

यो संस्कारले समाजमा सामन्तवाद र दास मनोवृत्तिलाई पनि संरक्षण प्रदान गरेको छ । पहिलो त यी र यस्ता सबै धार्मिक परम्परा



अन्धविश्वासमा आधारित रहेको र मान्छेलाई वैज्ञानिक चेतना दिनुको साटो आध्यात्मिक चेतना थोपर्ने भएकाले समाजमा सामन्तवाद मौलाउने अवसर मिल्दछ । अर्को कुरा ठूलाबडा र मान्यजन भन्ने नाममा ठूलो केलाई मान्ने ? कसैको उमेरलाई मात्र मान्दा त वृद्धवृद्धाहरूको सम्मान होला तर सामन्तवादी चिन्तन र व्यवहार भएका मान्छे उमेरले जति नै वृद्ध भए पनि त्यसलाई मान्नु कति नैतिक र औचित्यपूर्ण हुन्छ ? योभन्दा पनि अझ अर्को पक्ष भनेको यसले संरक्षण गर्ने सामन्तवादी राज्यसत्ता र सनातनी संस्कृतिको कुरा हो । हिन्दू परम्परामा राजालाई दैवीय अवतार भनेर शक्तिका रूपमा मान्ने चलन छ । त्यसैले राजामहाराजाको हातको टीका थाप्ने, गाउँका मुखिया, जिमुवाल, बडघर, महतौंहरूबाट टीका थाप्न जाने (यद्यपि अहिले त्यो लोप हुँदै गएको छ) जस्ता प्रचलनले सामन्तवादको संरक्षण मात्र नभई त्यो नै अपरिहार्य हो भन्ने संस्कारको विकास गराएको छ ।

अर्को पक्ष भनेको गरिबीभित्रको बाध्यताले निम्त्याउने सामाजिक अपराध, कुसंस्कार, शक्ति प्रदर्शन, आडम्बरजस्ता अपराधमनोवृत्तिको विकास हो । नेपाली समाज गरिबीको चरम अवस्थाबाट गुज्रीरहेको छ । सरकारले गरेको असमान विकासप्रक्रियाले उत्पन्न आर्थिक अभाव, पछौटे संस्कृति र सामाजिक उत्पीडनले गर्दा विपन्न वर्गलाई दसैं दशा भएर आउने गरेको छ । मान्छेको हरेक संस्कार र संस्कृति उसको आर्थिक अवस्थाले निर्धारण गर्दछ । वरपर छिमेकमा भएका इनेगिने सम्भ्रान्त परिवारको प्रभावले पार्ने नकारात्मक असरले गर्दा सकिनसकी प्रतिस्पर्धा गर्न बाध्य बनाउने गरेको छ । यसले गर्दा वर्ष दिनमा आउने चाडपर्व मनाउनकै लागि अलिअलि भएको घरबारीसमेत बन्धकी राख्नुपर्ने, ऋण गरेर ल्याएको धनपैसा फजुल खर्चमा उडाउनुपर्ने जस्ता कारणले जनता गरिबीको चपेटामा पर्दै जान बाध्य भएका छन् ।

यसैगरी, मिश्रित समाजमा एउटा धर्मसंस्कृतिको तडकभडकले अर्को धर्मसंस्कृतिका समुदायमा पार्ने नकारात्मक प्रभावले गर्दा साम्प्रदायिकता भड्काउने गरेको पाइन्छ । त्यसले सामाजिक सद्भावलाई समेत खलल पुऱ्याउने गरेको छ । देशका बहुसंख्यक जनताको घरमा बिहानबेलुका चुलोमा आगो पनि नियमित बल्न सकेको छैन । कमाइकाज गर्न विदेशमा गएर कुल्ली, चौकीदारी र भाँडा माझ्नेजस्ता घरेलु काममा लाखौं युवा जनशक्ति डुबिरहेको छ । त्यसले वर्ष दिनसम्म गुलामी गरेर पनि दुईचार सय रकम घरमा ल्याउन सक्दैन । गाउँमा काम गर्ने ठाउँ छैन । ठूलाबडा भनिएका शोसक सामन्तहरूको शोषण, दमन, अत्याचार ज्यूँका त्यूँ छ । देशले एउटा राजनीतिक निकास दिनसकेको छैन । अग्रगामी र पश्चगामी दलहरूबीचको द्वन्द्व यथावत् छ । यस्तो बेला मुठीभरका शासक र सामन्तहरूको पछि लागेर अन्धविश्वासी चाड मनाउनुको के अर्थ छ ? फेरि पौराणिक कथालाई आधार मान्ने हो भने पनि यो दैत्य र दानवहरूको राज चलेको बेला मेहनतकस श्रमजीवी जनताले विजयादशमी मनाउनुको के अर्थ रहन्छ ? जहाँ आफ्नो वर्गको विजय भएकै छैन ।

**४. चाडपर्वलाई कसरी बुझ्ने ?**

जुनसुकै पर्वहरूको पौराणिक इतिहास हेर्ने हो भने यस्ता पर्वहरू कि तात्कालीन वर्गसङ्घर्षबाट पैदा भएका छन्, कि त प्रकृतिसँगको सङ्घर्ष गर्ने क्रममा अचेतन अवस्थाबाट जन्मिएका छन् । वर्गसङ्घर्षमा एउटा वर्गको विजय हुँदा त्यस वर्गले विजयउत्सव मनाउँदा चाडपर्वको रूप लिएको छ । आफ्नो वर्गको विजयपर्व त्यो विजेता वर्गले पराजित वर्गलाई पनि जबर्जस्त मान्न लगाएको पाइन्छ । जस्तो मौंलियन समुदायका गुरुङ, मगर र अस्ट्रो द्रबिड जातिका थारूहरूले दसैं मान्नु पनि विगतको दुई सय ४० वर्षीय सामन्ती राजतन्त्रात्मक राज्यव्यवस्थाको उपज थियो । यो सांस्कृतिक रूपबाट गरिएको वर्गीय उत्पीडन हो, यो अध्यावधी कायम छ । देशमा सामन्तवादी राजतन्त्र समाप्त भएर गणतन्त्र स्थापना हुँदा पनि हाम्रो देश हिन्दू राज्यकै अवस्थाबाट मुक्त हुन सकेको छैन । राज्यले अरू जाति र धर्मका पर्वहरूको तुलनामा दसैं तिहारमा बिदा धेरै दिनु, सरकारी तलबमा थप भत्ता दिनु, नेपाली सेनाले दसैंमा हर्ष बढाईं गर्नु, विभिन्न शक्तिपिठहरूको पूजा अर्चना गर्न र बलि दिन राज्यकोषबाट रकम उपलब्ध गराउनुजस्ता कार्यहरू सामन्तवादी हिन्दू राज्यका प्रमाण हुन् । त्यसैगरी राजाले जस्तै राष्ट्रपतिले दसैंको टीका थाप्न जनतालाई आह्वान गर्नु र हिन्दू धर्मका विभिन्न पर्वहरूमा सक्रिय सहभागि भएर हिजोका दिनमा राजाले गर्ने कार्य गर्नु जस्ता कुराले राष्ट्रपति हिन्दू धर्मावलम्बीहरूका मात्र भएको अनुभूति हुन्छ । यसले संविधानमा धर्मनिरपेक्ष राज्य घोषण गरे पनि राज्यसत्ता हिन्दू अतिवादीहरूकै हातमा छ भन्ने कुरा जनाउँछ ।

कुनै पनि हिन्दू वा अन्य धार्मिक चाडपर्वहरू र संस्कारहरूलाई मार्क्सवादीहरूले मान्दैनन् । मार्क्सवाद भनेको भौतिकवादी दर्शन हो । धर्म, संस्कार र चाडपर्वहरू भनेका अध्यात्मवादी विचारका तत्वहरू हुन् । अध्यात्मवादले 'ब्रह्म सत्य, जगत् मिथ्या' भन्दछ । अर्थात् यसले वस्तुजगत्लाई असत्य ठान्छ भने ईश्वरीय शक्तिलाई सत्य ठान्छ । यो कुरा विज्ञानको विकासले सोहै्रआना गलत साबित गरिसकेको छ । धर्म, चाडपर्व र संस्कारहरू पौराणिक मिथक हुन् । यसका कुनै प्रामाणिक आधारहरू छैनन् । कविलाई अवस्थाका मानिसले अल्पचेतनाका कारण तात्कालिक परिवेशमा प्रकृतिसँग जुध्न कल्पनाको सहारा लिएर लीलाको कल्पना गरे । त्यही श्वैरकल्पनामा आधारित लीलालाई एकपछि अर्को पुस्ताको मानिसले श्रुतिस्मृतिका रूपमा सुन्दै र पछ्याउँदै जाँदा संस्कृतिको रूप लिएको हो । पछि गएर शासकहरूले धर्मका रूपमा प्रचार गरे । त्यसको उद्देश्य थियो, जनतालाई अन्धविश्वासमा रुमल्याएर आफ्नो शासनसत्ता टिकाउनु । त्यो बेला धर्मलाई राज्यको मूल कानून मानिन्थ्यो । अहिलेको भौतिकवादी विज्ञानले त्यो मिथकलाई उदर्याएर छर्लङ्गै पारिसकेको छ । त्यसैले कम्युनिस्टहरू भौतिकवादी हुनुको नाताले यस्ता अन्धविश्वासी कुराहरूलाई मान्दैनन् र मान्नु पनि हुँदैन ।

यदि आफूलाई सचेत कम्युनिस्ट सदस्य ठान्ने कुनै पनि व्यक्तिले दसैं, तिहार आदि सबै आध्यात्मिक चाडपर्वहरू मनाउँछन् भने उनीहरूमा भौतिकवादी ज्ञान चेतनाको कमी भएको मान्नु पर्दछ । उनीहरूले वास्तवमा मार्क्सवादको दार्शनिक र सौन्दर्यशास्त्रीय पक्ष बुझेका छैनन् । फलस्वरूप उनीहरूले धर्म, संस्कार, संस्कृति, चाडपर्व आदिका बारेमा बुझ्न र विश्लेषण गर्न पनि सक्तैनन् । चाडपर्व, धर्म संस्कारप्रतिको विश्वास पूरै नहटिसकेकाले छरछिमेकी, नातागोता, परिवारका सदस्यहरू आदिको प्रभाव र दबाबमा पर्छन् र मान्दछन् । पार्टी नेता-कार्यकर्ता हुनु र भौतिकवादी हुनु फरक कुरा हो । एउटा मान्छे वैचारिक ज्ञानसिद्धान्तको अध्ययनले भौतिकवादी हुन सक्छ तर पार्टीका सबै कार्यकर्ता र नेता मार्क्सवादी भौतिकवादी नहुन पनि सक्छन् । त्यसैले त्यस्ता मान्छेहरूले चाडपर्व र परम्परावादी धर्म मान्दछन् । अझ अहिलेको राजनीतिक घटनाक्रमले त कम्युनिस्ट पार्टीहरूलाई सत्ता राजनीतिको चुनावी सङगठनका रूपमा मात्र सीमित गरिदिएको छ । अहिले नेपालका संसदवादी कम्युनिस्टहरू र अन्य पार्टीहरूमा विचारधारा, दर्शन र सांस्कृतिक मूल्यमा कुनै पनि भिन्नता छैन । एउटै विचार र दर्शनमा आधारित राज्यसत्ताको पक्षपोषण गर्दछन् । त्यसैले वर्तमान राज्यव्यवस्था स्वीकार गर्ने कम्युनिस्ट पार्टीहरूले यस्ता पौराणिक मिथकमा आधारित पर्वहरूलाई मनाउनु कुनै अनौठो विषय भएन ।

अर्को कारण हो, चुनावी राजनीति । संसदीय व्यवस्थामा चुनावी भोटबैंकको महत्वपूर्ण स्थान हुन्छ । चाडपर्व, धर्म-दर्शन र परम्परावादी संस्कार मान्ने जनताको मन जित्न र आफूप्रति जनतालाई आकर्षित गर्न पनि जनताले जे गर्छन्, त्यो मानिदिनु पर्छ भन्ने तर्कका आधारमा नेताहरूले यस्ता मिथकहरूलाई मान्ने गरेका छन् । यो त संसदवादी अवसरवाद हो । एउटा अग्रगामी विचार अँगालेको पार्टीका नेताकार्यकर्ताले चुनावी रणनीतिभित्र भौतिकवादी चेतनालाई समर्पण गर्न हुन्छ कि हुँदैन ? समाज परिवर्तन अग्रगामी विचार फैलाएर हुन्छ वा यथास्थितिवादी संस्कृतिको पछि लागेर हुन्छ ? यदि भौतिकवादी विचारलाई स्पष्टैसँग बुझिबुझीकन पनि अध्यात्मवादी विचारलाई मान्दै जाने हो भने कसरी पूरातनवादी विचारमा परिवर्तन आउँछ ?

**५. उपसंहार**

दसैंपर्वको आधार भनेको दार्शनिक रूपमा अधिभूतवाद र आध्यात्मिक आदर्शवाद, राजनीतिक रूपमा सामन्तवादी राज्यव्यवस्था र व्यावहारिक रूपमा अन्धवाद, पूरोहितवाद, ब्राह्मणवाद हो । यसले दाससंस्कृतिको पक्षपोषण गर्दछ । भौतिकवादका विरुद्ध पारलौकिक शक्तिमा विश्वास गर्न सिकाउँछ । यसले गर्दा शासकवर्गबाट गरिएका सबै प्रकारका शोषण, उत्पीडन र दमनका विरुद्ध सङ्घर्ष गर्नु हुँदैन बरू यो त पूर्वजन्ममा पापकर्म गरेकाले यस जन्ममा प्राप्त गरेको फल हो भनेर सन्तुष्ट रहन सिकाउँछ । साथै दसैंलगायतका सबै आध्यात्मिक पर्वहरूले शक्तिको पूजा गर्न सिकाउने र शासकवर्ग स्वयम् शक्तिशाली वर्ग भएको हुँदा त्यसको स्तुति गाउने र त्यसलाई सम्मान गर्नुपर्ने चेतना निर्माण गर्दछ । सारतः सबै धर्मका मौलाना, पादरी, पण्डित, ब्राह्मण, धर्मगुरु आदि जेजस्ता नामका धार्मिक पूरोहितहरू भए पनि तिनीहरूलाई सम्मान गर्नु, चाकडी गर्नु र उनीहरूको विश्वास गर्नु भनेको अन्धवाद हो । यसैले दसैंका अवसरमा ईश्वरप्रतिको भक्ति र प्रसादका रूपमा ग्रहण गरिने टीका-जमरा र आशीर्वादले सामन्तवादको संरक्षण गर्दछ । यिनै सामन्तवादी पर्वहरू नै संस्कृतिका रूपमा विकसित भएका छन् ।

यसरी सारतत्वमा भन्नुपर्दा संस्कृतिलाई समस्त मानवजाति र मानवीकरणको स्तरको परिचयका रूपमा संश्लेषण गर्न सकिन्छ । यो मानवसभ्यताको विकासक्रम सँगसँगै विकसित हुँदै र परिमार्जित हुँदै जान्छ । कविलाई युगको संस्कृति सामन्तवादी युगमा आउँदा परिस्कृत भएर आयो भने सामन्तवादी युगको संस्कृति पुँजीवादी र साम्राज्यवादमा आउँदा अझ विकसित भएर आयो । अब समाजवादी एवम् साम्यवादी संस्कृतिमा फड्को मार्नका लागि नयाँ वर्गसङ्घर्षको सुरुआत भएको छ । समाजवादी संस्कृतिमा जाति, वर्ग, लिङ्ग, क्षेत्र, धर्म, सम्प्रदायका आधारमा विभेद गर्ने संस्कृतिको अन्त्य हुनेछ, जहाँ सम्पूर्ण प्रकारका शोषण, उत्पीडन र विमानवीकरणको अन्त्य हुनेछ र सुन्दर संसारको निर्माण हुनेछ । त्यसपछि सम्पूर्ण मानवजाति अन्तर्राष्ट्रिय जातिमा बदलिने छन् । राज्यसत्ता, धर्म, अड्डा, अदालत, कानून, फौजी शक्ति सबैको अन्त्य हुनेछ । तसर्थ सामन्तवादी एवम् पुँजीवादी साम्राज्यवादी संस्कृति र धर्मको अन्त्य गर्न जरुरी मात्र नभई यो आजको युगको अनिवार्य शर्त बन्न गएको छ । यस्तो बेला भौतिकवादी विचारधारा अँगाल्ने समुदायले पूरातनवादी आध्यात्मिक संस्कृति, धर्म र चाडपर्व मनाउनु हुँदैन । त्यसको विकल्पमा जनताको विजयका उत्सवहरू, सङ्घर्षका गाथाहरू र मानिसले प्रकृतिसँगको सङ्घर्षमा गरेका वैज्ञानिक उपलब्धिलाई संस्थागत गर्ने र त्यसलाई नयाँ संस्कृतिका रूपमा स्थापित र विकसित गरेर लैजानु पर्दछ ।

**सन्दर्भसूची**

*१. माओत्से तुङका उद्धृत उक्तिहरू २०६३, प्रगति प्रकाशन, नेपाल*
*२, चापागाईं, निनु, समाज र संस्कृति, २०६० :५ सहस्राब्दी प्रकाशन प्रा.लि.*
*३. अर्याल, मदनप्रसाद, चण्डी दूर्गा सप्तशती पृ.४३-४४, नेपाली गद्य पद्य अनुवाद, चण्डेश्वरी प्रकाशन प्रा.लि.,काठमाडौं*
*४. उही*
*५. दुःखी, हिरामणि, जनसंस्कृति, वर्ष १, अङ्क १, 'संस्कृति, धर्म र दसैं पर्वबारे एक विवेचना', एअनेजसं महासङ्घ, दाङ*

## महान्...

कर्मचारीहरू मजदुर एवं. किसानहरूको सत्तालाई काम गर्न हर प्रकारले बाधा पुऱ्याउँदै थिए । उनीहरू या त अफिस नै आउँदैनथे, या त जानी जानी काम विगार्थे । बैंक कर्मचारीहरू सेफहरूको साँचो लुकाउँथे, अनेक बहाना गरेर मजदुरहरूको तलब रोक्थे । पुँजीपतिहरू, तिनका बफादार नोकरहरू, कर्मचारीहरू यस प्रकारको देशलाई अव्यवस्थाको धरातलमा झोक्न चाहन्थे र सोभियत सत्ता उल्टाउने प्रयास गर्दै थिए । १८ नोभेम्बर, १९१७ को दिन लेनिनले जनताको नाममा एक अपील जारी गर्नुभयो । उक्त अपिलमा भनिएको थियो : 'साथीहरू, श्रमिक जनता हो ! याद राख्नुहोला, अब तपाईहरू आफैं राज्य प्रशासन चलउँदै हुनुहुन्छ । यदि तपाईहरू आफैं एकताबद्ध हुनुहुन्न र राजकाजको सब काम आफ्नो हातमा लिनुहुन्न भने कसैले तपाईहरूको मद्दत गर्न सक्दैन । अब देखि तपाईहरूका सोभियतहरू राज्यसत्ताका यन्त्र बनेका छन् र यी सोभियतहरूलाई सब कुराको निर्णय गर्ने अधिकार छ । आफ्ना सोभियतहरूको वरिपरी एकबद्ध हुनुहोस, सोभियतहरूलाई सदृढ बनाउनुहोस् । सबैभन्दा तलबाट काम सुरु गर्नोस, कसैलाई पर्खेर नबस्नोस ।'

श्रमिकहरूले आफ्नो नेताको आव्हानको जवाफ दिए । पेत्रोग्रादका मजदुरहरू कामको खोजीमा श्रम सम्बन्धि जनकमिसेरियटमा आउन थाले । पेत्रोग्राद नजिकै रहेको नौसैनिक अखडा क्रोन्शोतादबाट टेलिग्राफ कार्यकर्ताहरू भूतपूर्व डाकतार मन्त्रालयको काम चलाउन आइपुगे । उनीहरूल विध्वंसकारी भूतपूर्व कर्मचारीहरूको ठाउँमा काम गर्न थाले र देशको हुलाक तथा आकाशवाणी-व्यवस्था आफ्नो हातमा लिए । राष्ट्र बैंकका कर्मचारीहरूले सोभियत सरकारलाई आवश्यक पैसा दिन अस्वीकार गरे । लालगार्डले बैंकका डाइरेक्टरलाई गिरफ्तार गर, त्यसपछि मात्र डरले थर्कमान भएका कर्मचारीले बैंकका सेफहरू खोल्न थाले । श्रमिक जनताको व्यापक समर्थनसहित सोभियत कार्यालयहरूले सहरहरूको खाद्य सामग्री सप्लाई व्यवस्था ठीक पार्न थाले । तहखानाहरूमा बस्ने मजदुर परिवारहरूलाई धनीहरूको घरहरूमा बसोबास गराउन थाले ।

सोभियत सरकारले यी सब ऋणहरू खारेज गरिदियो, जुन जारशाही सरकार र अस्थायी सरकारले विदेशी तथा रुसी पुँजीपतिहरूसँग लिएको थियो । देशले आफूलाई सरकारी ऋणहरूको भारबाट मुक्त गऱ्यो । विदेशी ऋणको रकम झण्डै १६ अरब रुबल र आन्तरिक ऋण १७ अरब स्वर्ण रुबल पुग्थ्यो । राजकीय आज्ञाप्तिहरूद्वारा सब मानपदवीहरू र मानिसहरूलाई श्रेणीहरूमा विभाजन गर्ने प्रथा बदर गरियो, लोग्नेमान्छेहरू र आइमाईहरूबीच समानता कायम गरियो र देशभरीका सम्पूर्ण जनजातिहरूलाई समान अधिकार प्रदान गरियो । विध्वंस तथा प्रतिक्रान्तिको विरुद्ध संघर्ष गर्न फेलिक्स जेर्जीन्स्कीको नेतृत्वमा अखिल रसियाली असाधारण कमिशन गठन गरियो । जनन्यायलय र जनमिलिशिया गठन गरियो । सेनामा पनि सैनिक सोभियतहरूको हातमा सत्ता सुम्पियो । मजदुर तथा किसाान परिवारहरूबाट आएका व्यक्तिहरू सेनाको मुख्य मुख्य पदमा मनोनित भए । रुसका श्रमिक जनता कठिन परिस्थितिमा एक नयाँ जीवनको निर्माण गर्दै थिए । उनीहरूसँग कुनै अनुभव थिएन । यसैबेला मजदुर तथा किसानहरूको राज्यको शत्रुहरू नवजात सोभियत राज्यका विरुद्ध संघर्षको तयारी गर्दै थिए ।

**सोभियत र महान अक्टोबर क्रान्तिको इतिहास पुस्तकबाट**

*(लेखकहरू - अलेक्सेएभ, कार्चोभ र त्रोइत्स्की हुन् )*

## राष्ट्रिय...

गर्दा मुद्दाहरू के उठाउने र संघर्षका मोडेलहरू के के हुनसक्छन्, यि विषयमा गम्भीर ध्यान दिन जरुरी छ ।

नयाँ जनवादी क्रान्तिको तयारी गर्दा साम्राज्यवाद, विस्तारवाद र सामन्तवादका विरुद्ध उभिनसक्ने सबै शक्तिहरूलाई हामीले गोलबन्द गर्नेपर्दछ। संयुक्त मोर्चाद्वारा हामीले साम्राज्यवाद तथा सामन्तवादविरोधी शक्तिहरूलाई गोलबन्द गर्न सक्छौं । यसरी गोलबन्द गर्नका लागि साझा विषयहरू के के हुनसक्छन् ?, मोर्चाको संरचना कस्तो बनाउने ? कति हदसम्म लचिलो हुने ? र कुन कुन कुरालाई हामीले छाड्नै नहुने हो ? ति विषयहरूमा पनि सम्मेलनमा गम्भीरतापूर्वक छलफल गर्नुपर्छ र एउटा सही निश्कर्षमा पुग्नुपर्दछ ।, नयाँ जनवादी क्रान्ति भनेको साम्राज्यवाद र सामन्तवादविरोधी क्रान्ति हो, त्यसकारण साम्राज्यवाद र सामन्तवादविरोधी सबै शक्तिहरूको बिचमा मोर्चा बनाउन जरुरी छ । क्रान्तिका तीन जादुगरी हतियारमध्ये संयुक्त मोर्चा एउटा हो । त्यसकारण हामीले क्रान्तिकारी संयुक्त मोर्चा कसरी बनाउने ? कस्तो बनाउने भन्ने विषयमा एउटा सही नीति र योजना बनाउनुपर्दछ ।

नयाँ जनवादी क्रान्तिका लागि क्रान्तिकारी नीति पहिलो शर्त हो भने दोस्रो शर्त हो, क्रान्तिकारी पार्टीको निर्माण । क्रान्तिकारी पार्टी निर्माण गर्न सकेनौं भने क्रान्तिकारी नीति कागजमा मात्र सीमित हुनेछ । त्यसकारण नयाँ एकतावद्ध र क्रान्तिकारी पार्टी निर्माण गर्ने कुरालाई राष्ट्रिय सम्मेलनले प्राथमिकतामा राखेको छ । तर, क्रान्तिकारी पार्टीको निर्माण कसरी हुनसक्छ ? क्रान्तिकारी पार्टी निर्माणका लागि सबैभन्दा पहिले पार्टीका नेता तथा कार्यकर्ताहरू यतिसम्म कि आम पार्टी सदस्यहरूसम्म क्रान्तिकारी सिद्धान्त र नीतिमा प्रतिबद्ध भएको हुनुपर्दछ । यसका लागि दक्षिणपन्थी अवसरवादको विरुद्धको भण्डाफोर अभियानलाई तिव्र पार्न जरुरी छ । हुन त वामपन्थी अवसरवाद पनि त्यत्तिकै खतरनाक हुन्छ तर नेपालको अहिलेको सन्दर्भमा दक्षिणपन्थी अवसरवाद नै मुख्य खतरा हो । त्यसकारण दक्षिणपन्थी अवसरवादका विरुद्ध भण्डाफोर अभियान चलाउन जरुरी छ । दक्षिणपन्थी अवसरवादका विरुद्ध भण्डाफोरर अभियान चलाउने भनेर मात्र भण्डाफोर अभियान चल्दैन । त्यसैले भण्डाफोर अभियानका माध्यमहरू के के हुनसक्छन् ? त्यसका रूपहरू के के हुन् ? र त्यसलाई व्यवहारमा कसरी लागु गर्छौं ? यि विषयमा पनि हामीले राष्ट्रिय सम्मेलनबाट सही नीति र कार्ययोजना बनाउन सक्नुपर्छ । दक्षिणपन्थी अवसरवादी र हाम्रो बिचमा व्यवहारले नै प्रष्ट रेखा कोरिएको हुनुपर्दछ । व्यवहार भनेको जनता मुख्यतः शोषित उत्पीडित जनता र शोषक वर्गसँग गरिने व्यवहार हो । जनताले व्यवहारबाटै प्रस्ट बुझ्ने गरेर हामीले आफ्ना क्रान्तिकारी व्यवहार देखाउन सक्नुपर्छ ।

क्रान्तिकारी पार्टी निर्माणका लागि दक्षिणपन्थी अवसरवादका विरुद्ध, भण्डाफोर अभियान त चलाउनै पर्छ तर त्यतिले मात्रै पुग्दैन । स्वयम् पार्टीभित्र रहेका गैरसर्वहारावादी प्रवृतिका विरुद्ध पनि संघर्ष चलाउनुपर्दछ । पार्टीभित्र पनि दक्षिणपन्थी वा उग्रवामपन्थी सोच, प्रवृत्तिहरू आइरहन्छन् । त्यसकारण पार्टीभित्र पनि त्यसप्रकारका प्रवृत्तिविरुद्ध संघर्ष गर्नु जरुरी छ । व्यक्तिगत एवं. पारिवारिक लाभ, पद, प्रतिष्ठा भन्दा माथि उठेर पार्टी र क्रान्तिका लागि समर्पित हुन सक्ने, व्यक्तिहरूको संगठन बनाउन सक्यौं भने मात्र हामीले क्रान्तिकारी पार्टीको निर्माण गर्न सक्नेछौं । पदका लागि हरेक पार्टीमा बार्गेनिङ गर्ने, जुन पार्टीमा ठूलो पद दिन्छ त्यसैमा गइहाल्ने खालका व्यक्तिहरू संगठनमा रहँदासम्म क्रान्तिकारी पार्टी बन्न सक्दैन । त्यसकारण हामीले कुन खालको नीति र योजनाबाट क्रान्तिकारी पार्टी बनाउन सकिन्छ भनेर सम्मेलनमा बहस, छलफल र निर्णयहरू गर्नुपर्छ । संगठनभित्र देखिने अराजकता, अनुशासनहीनता र आर्थिक अपारदर्शितालाई कसरी समाप्त पार्न सकिन्छ, त्यसबारे पनि छलफल गरी सही नीति तय गर्नुपर्दछ ।

पार्टी क्रान्तिकारी हो कि होइन भन्ने कुरा संघर्षमा परीक्षण गरिन्छ । संघर्षको बिचबाट मात्रै पार्टी क्रान्तिकारी बन्दैजान्छ । त्यसकारण वर्गसंघर्षलाई कसरी उठाउने र विकास गर्ने त्यसको ठोस योजना बनाउन जरुरी छ । वास्तममा हामीले वर्गसंघर्ष उठाउन सकेका छैनौं । वर्गसंघर्षलाई उठाउने ठोस योजनाहरू हामीसँग हुनै पर्दछ । पुरानो राज्यसत्तालाई बलपूर्वक ध्वस्त पारेर मात्र हामीले जनताको राज्यसत्ता निर्माण गर्न सक्छौं । त्यो काम स्वतस्फूर्त रूपमा हुँदैन । त्यसकारण प्रतिक्रियावादी राज्यसत्तालाई बलपूर्वक ध्वस्त बनाउनका लागि पनि हामीले आवश्यक फोर्सको तयारी योजनाबद्ध ढंगबाट गर्दै जानुपर्दछ । संघर्षको भट्टीमा खारिएर मात्रै पार्टी क्रान्तिकारी बन्दै जानेछ । त्यसकारण नेपालका आम शोषित पीडित जनताको हितलाई केन्द्रमा राखेर संघर्षका ठोस योजनाहरू बनाउनुपर्दछ । अन्त्यमा यो ऐतिहासिक राष्ट्रिय सम्मेलन नयाँ जनवादी क्रान्तिको तयारी गर्न र नयाँ एकताबद्ध क्रान्तिकारी पार्टी निर्माण गर्न सफल हुनेछ ।

## चुनाव...

संसदवादीहरूको टाउकोमा बज्रप्रहार गर्ने बाटोमा उनीहरूले नै बाध्य पार्दैछन् । नकारात्मक हिसाबले क्रान्तिकारीहरूको लागि राम्रै कुरा हो ।

संदिीय व्यवस्था भनेको सुँगुरको खोर हो । यो खोरमा नाक थुनेर पसेर यहाँ गन्हाउँछ नआऊ भनेर जनतालाई जागृत त गराउन सुँगुरको खोरमा पस्न पनि क्रान्तिकारी तयार हुनुपर्छ भन्ने लेनिनवादी मान्यतालाई समानेर (क्रान्तिकारी माओवादी) योपटकको निर्वाचनमा संसदीय व्यवस्थाको भण्डाफोर गर्न चुनाव उपयोगको दिशमामा जाँदैछ । केन्द्रीय समिति र राष्ट्रिय सम्मेलनले अनुमोदन गरेमा । बहिष्कार गर्ने साथीहरूलाई के अनुरोध छ भने हरेक आन्दोलन र मोडपछि त्यो अग्रगामी वा पश्चगामी जे भए पनि जनताले एकपटक पर्ख र हेरको नीति अपनाउँछ, त्यस्तो बेलामा बहिष्कार गर्दा आफै बहिष्कृत होइन्छ । उदाहरणको लागि बहिष्कार।वादी नेकपा (मसाल)ले पञ्चायभन्दा एक कदम प्रगतिशील व्यवस्था 'राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्था' जति पनि चुनाव भए मसालको डिस्नेरीबाट 'ब' भन्ने अक्षर नै गायब भयो संसदीय व्यवस्थाको विरुद्ध त्यत्रो जनयुद्ध भयो, आरोह-अवरोध र उँभारमा समेत निरन्तर भाग लिंदै अन्तमा ' भिलेराँ'को बाटोमा हिंडेर चित्रबहादुर उपप्रधानमन्त्री खानसमेत पुगे । चुनाव एउटा कार्यनीतिको प्रश्न हो । यद्यपि कार्यनीति २४ घण्टामा बदलिन सक्छ भन्ने लेनिनको भनाइअनुसारको छोटो कार्यनीति नभएर ५ वर्षे आवधिक अवधिको भएकोले अलि लामो अवधिको कार्यनीति हो, त्यो बीचमा ठूलै आन्दोलन वा परिघटना भएर अर्को चुनाव गराउने नआएसम्म चाहेर पनि बदल्न सकिंदैन । त्यसकारण सडेको संसदीय व्यवस्थालाई जंगलको बीचमा सुकेको मक्किएको ठूलो रुख आँधीबेहरी नआउञ्जेल नढलेजस्तो आँधीबेहरी सृजन ागर्न दोहोरो आरा प्रणालीअनुसार भित्र र बाहिरबाट काटेर ढाल्नको लागि उपयोग गर्ने हो । जितेमा हाम्रा प्रतिनिधिले रोष्टमबाटै संसदीय व्यवसथाको भण्डफोर गर्नेछन् । चुनावको अवधिभर पार्टी देजमो र उम्मेदवारले जभेटघाट, घरदैलो पिढी, आँगन, कोणसभा र उभार आउँदा सभा र वृहत सभामार्फत् संसदीय व्यवस्थाको संकीर्णता, साम्राज्यवादी र फासीवादी चरित्रको भण्डाफोर गर्नेछन् । अब चुनाव बहिष्कार र उपयोगको व्यवस्थ ागर्न संसद थिएन, यद्यपि छन् तुस्यूले यो लाइन ल्याउन प्रयत्न गरेको थियो तर सफल भएनन् । माओ यो झन्झट र लडफामा पर्नै परेन । लेनिनको दुहाइ दुवै थरिले उपयोग वा बहिष्कार गर्नेले दिन खोज्छन् तर यो एक शताब्दीभन्दा बढीको अवधिमा कुनै पनि क्रान्तिकारी पार्टीको न बहिष्कार गरेर सन् १९०५ (आजभन्दा ११२ वर्ष अगाडि)को जस्तो बहिष्कारले चुनाव नै हुन नसक्ने गरी बढारेको छ । न उपयोग गर्नेले संसदमा बोलेवापत संसदहरूले निर्वासन र मृत्युदण्ड बेहोर्नुपरेको छ । त्यतिखेरको संसदको प्रगतिशील चरित्र अहिलेको जस्तो साम्राज्यवादी र फासीवादी बनिसकेको थिएन । बोल्सेभिक सांसदहरूले बोलेपछि युद्ध बजेट फेल खाएको थियो । उनीहरूलाई साइबेरिया मरुभूमिमा निर्वासनमा पठाइएको थियो । केही सांसद जाडोले कठाग्रिएर मरेका थिए । विदेशी अनुभवलाई जस्ताकै तस्तै स्वदेशमा यहाँ लागू गर्न सकिन्छ र ? विरोधीले बोलेका र पै जाओस् संसदमा कुट्दा समेत सत्ताधारीले त्यसलाई पचाइसक्यो । लेनिनको सांसदले संसदमा बोलेका कुरा रेकर्ड गरेर ल्याएर मजदुरले सुन्थे र ठूला ठूला संघर्ष र हड्ताल गर्थे आन्दोलन उठाउँदै अहिलेका सांसदले बोलेका कुरा गफाडीको गफ मात्र हो । आखिर मार्क्सले उहिल्यै भनेका थिए, 'संसद गफाडीहरूको डफ गर्ने मञ्च हो' भनेर स.सद त अहिले जनतालाई बेबकुफ बनाउन गफ गर्ने लगाइन्छ तर वास्तविक सत्ता त पर्दा पछाडिबाट नोकरशाह (गोपाल खड्का, चुडामणि शर्मा जस्ता)हरूले सेना, पुलिस, मन्त्रिमण्डल जेल र अदालतले चलाउँछन् । 'जेहोस् अहिलेको उतारको अवस्था मात्र जनतासँगै रहेर संसदीय व्यवस्थाको भण्डफोर गर्न उपयोगको नीति नै सापेक्षतामा ठीक छ । आगामी उभारले कटेका संसदीय व्यवस्थालाई यसको ड्राइभरसहित उडाएर लाने गरी संघर्षको तयारी नै प्रधान कुरा हो । भित्र र बाहिर दुवैतिरबाट यसको प्रयत्न गर्नलाई अहिलेलाई उपयोगको नीति सही छ ।

## पाँच...

शिक्षाविद् र संशोधित शिक्षा विधेयकको विपक्षमा उभिने सांसदहरूलाई धन्यवाद दिंदै शिक्षा आयोगका अन्य शिक्षा आयोगका सदस्यहरूलाई पनि राजीनामा दिन आग्रह गरेको छ ।

यसैगरी विद्यार्थी संगठनहरूले संशोधित शिक्षा ऐन फिर्ता नलिएमा दोस्रो चरणमा कडा भन्दा कडा आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

अखिल (क्रान्तिकारी) का अध्यक्ष सेवन्त राज भण्डारीले सार्वजनिक शिक्षालाई नै धरासायी बनाउने गरी ल्याइएको ऐन खारेज नगरेसम्म आन्दोलन जारी राख्ने निर्णय भएको जानकारी दिए । विद्यार्थी संगठनहरूले अघिल्लो संशोधनमा भएका सकारात्मक र वैज्ञानिक व्यवस्थापनलाई हटाउँदै ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत खुला अवधाराणा समावेश गरिएको नवौं संशोधन विद्यार्थीको हकहित र अधिकारको विरुद्धमा भएको उल्लेख गरेका छन् ।

## नयाँ...

कार्यालय बाहेक अन्य कार्यालयहरूमा यसअघि असोज ३ देखि नै लाइसेन्सको आवेदन रोकेको थियो । नयाँ लाइसेन्सको वितरण रोकिएपनि रकारी कार्यालय खुल्ने दिनसम्म नवीकरण भने नरोकिने यातायात व्यवस्था विभागले जानकारी दिएको छ ।

## प्रदेश...


पत्र लेखनका लागि सीपी गजुरेल, परि थापा, कमल चौधरी, केबी गुरुङ्ग र अम्बिका मुडभरी रहेको पाँच सदस्यीय निर्वाचन घोषणापत्र लेखन समिति, आर्थिक संकलनका लागि अध्यक्ष गजुरेलको अध्यक्षतामा सचिव परि थापा र नेताहरू पवनमान श्रेष्ठ, हरिकृष्ण गजुरेल र हरिकृष्ण उपाध्याय रहेको समिति निर्माण गरिएको छ ।

यसैगरी निर्वाचनको प्रचारप्रसार तथा पार्टीको नीति तथा कार्यक्रमलाई आम जनतासम्म पुऱ्याउनका लागि परि थापाको अध्यक्षतामा समिति बनाइएको छ । जसमा पवनमान श्रेष्ठ, शिवराम यादव, हरिकृष्ण गजुरेल र सचिर महर्जन सदस्य रहेका छन् ।

बैठकले प्रत्यक्ष तर्फ निर्वाचन लड्ने उम्मेदवारहरूलको नामावली प्रथम चरणमा निर्वाचन सम्पन्न हुने जिल्लाहरूको यहि असोज २५ गतेसम्म र दोश्रो चरणको कार्तिक ५ गतेसम्म केन्द्रीय कार्यालय पठाइसक्नु पर्ने निर्णय गरेको छ । निर्वाचन आयोगले आगामी मंसिर १० र २१ मा हुने निर्वाचनका लागि कार्यतालिका सार्वजनिक गरिसकेको अवस्थामा मोर्चाले समेत सोही अनुसार तयारी सुरु गरेको हो ।

यसैगरी बैठकले बैठकले असोज २१ देखि २५ सम्मका लागि तय गरेको पार्टीको राष्ट्रिय सम्मेलन कास्कीको पोखरामा गर्ने निर्णय समेत गरेको छ । राष्ट्रिय सम्मेलनका लागि २१ गते सम्पर्क मिति तोकिएको छ । पोखरामा क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य 'किरण' ले २२ गते सम्मेलनको औपचारिक उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

सम्मेलनका लागि देशैभरबाट प्रतिनिधि चयन तथा पार्टीको राजनीतिक प्रतिवेदन तथा भावी कार्यक्रम र कार्यदिशासहितको प्रस्ताव तथा विधानमाथि छलफल चलिरहेको छ ।



दैनिकी दुर्वाच्य...

रामचन्द्र हुमागाई



# वलीको नाममा जघन्य अपराध

**असोज २ गते ।** गिद्दहरू मरेको सिनो झम्टन्छन् तर हाम्रा साँसदहरू गिद्दको भन्दा पनि निकम्वा काममा लगेका हुन कि भन्नुपर्ने अवस्थामा छन् । राजनीति गर्ने ब्यक्ति साँसद बन्ने हो, कुनै सरकारी जागिर खान लोकसेवा आयोगको प्रश्नपत्र बोकेर परीक्षा हलमा जानु पर्दैन । बहुदलीय ब्यवस्थामा राजनीतिक पार्टीको सदश्य वन्यो, नेतालाई रिजायो बस ! चुनाव लड्ने टिकट पाईन्छ । चुनाव जित्ने साँसद बन्छ, नजित्ने ढाक्रे यो सन्सारको नियम हो । अमेरिका वेलायत र अन्य कतिसय देशमा विज्ञ, प्रोफेसरहरू समेत राष्ट्रपति र प्रधानमन्त्रीसम्म बनेर पनि अवकास पछि पुनः आफ्नै पेशामा फर्किएका कैयौं उधाहरण छन् तर नेपालमा भू.पु. हरूले पेन्शन, आजिवन भत्ता र घरभाडा समेत पाउँनुपर्छ भनेर आफूलाई आफैं भएको सदनमा शिफासरसका लागि मरिहत्ते गरिरहेका छन् । यसलाई गिद्दको जस्तो स्वभाव भन्ने कि ? गिद्द नै हुन भन्ने ? शव्दको खोजि भैरहेको छ ।

**असोज ३ गते ।** नेपालको गणतान्त्रिक सम्विधान जारी भएको त्रिदिवसिय दिन हो, आज । लामो माथामथिङ्गल पछि जारी भएको सम्विधानले जनताको अधिकार सुरक्षित गरेको नै यो पहिलो सम्विधान हो । भन्ने एकथरी मानिस छन् भने कहाँनेर छ यो सम्विधानमा नेपाली जनताको अधिकार सुरक्षित छ ? भनेर प्रश्न गर्नेहरू पनि छन् । निश्पक्ष वकालत गर्ने हो भने यो सम्विधानमा दुबै भनाईलाई देख्न र पाउँन सकिन्छ । कुरा यत्ति हो कि बलियाले यो सम्विधानलाई भरमग्दूर उपयोग गर्न पाइराखेका छन् । जो निर्धो छ, सत्ताका मानिसहरूको नजरमा परेको छैन, उसलाई यो सम्विधान खोक्रो कागजको खेस्रो । तर, नेतृत्ववर्गले निश्पक्ष सञ्चलन गर्नु अवश्यक छ । तवमात्र जनताले गणतन्त्रको प्रत्याभूति गर्न पाउँने छन् ।

**असोज ४ गते ।** बाह्र वर्ष कुकुरको पुच्छर ढुग्रो भित्र राखे पनि सोझो हुँदैन भन्ने भनाई पुरानै हो । यस्ता जोकहरू त्यसै बन्दारहेनछन् । नेपालीले नेपालका लागि जति रगत बगाए पनि अवसर पाउँने र फाइदा लिने थोरै मात्र हुन्छन् । तिनले पनि जनता र देशका लागि काम गरे त राम्रै हुन्थ्यो, यसको वदलामा आफू र आफ्नो स्वार्थमा राष्ट्रको सम्पत्ती खर्च गर्ने र विदेश भ्रमण देखि सन्तानलाई तीन पुस्तासम्म पुग्ने धनआर्जन गर्ने पुरानो वाँनीले कसैलाई छाडेन । जसरी पहिले पहिले सरकारी धनलाई फूपुको श्राद्ध मानिन्थ्यो अहिले पनि त्यस्तै गर्ने गरिएको छ । सम्विधानसभाबाट सँसदमा परिणत भएको अहिलेको संसद्को म्याद एक पहिना पनि बाँकी छैन, यो अवधिमा आधाभन्दा वढी साँसदहरू विदेश भ्रमणमा छन्, प्रधानमन्त्री देखि संसदकी सभामुख समेत विदेशमा सयर गरिरहेकी छिन् । लाग्छ, अवसर नपाएर मात्रै हो पाउँने जति सबै नेपालको ढुकुटीमा आहाल खेल्न पाए रमाउँने रहेछन् । पाए कसैले पनि बाँकी राख्ने रहेनछन् ।

**असोज ५ गते ।** आज यो वर्षको विजया दशमीको घटस्थापना । कसले कसमाथि विजय गरेर यो पर्व शूरुभयो म कुरा बुझ्दिन । धार्मिक कथा अनुसार रामले रावणमाथि गरेको विजय प्राप्तिलाई अहिलेका राममार्गीहरूले विजयउत्सव मनाउँने प्रचलन बसेको भनिएकोछ । ठिकै छ, मानिसलाई समय बिताउँने र खाने निहु चाहिएको छ, पर्व मनाइरहुन । तर, आज विशेष समाचार बनाउँनुको अर्को अर्थ के भने हाम्रा प्रधानमन्त्री देखि ५६ मन्त्रीमहोदय मध्ये २१ जनाले सम्पत्ती विवरण पेश गरेछन् । अरुलाई त म त्यति चिन्दीन, यि मध्ये दुईजना प्रधानमन्त्री शेरबहादुर देउवा र उपप्रधानमन्त्री विजयकुमार गच्छेदार कसरी यत्ति धनी भए यो कुरा बुझ्न मलाई निकै गाह्रोपऱ्यो, किनभने यि दुबैलाई ४६ सालभन्दा अगाडि म राम्रोसँग चिन्छु । डिल्लीबजार तिर साँझ रन्थनिएर वास वस्न घट्टेकुलो स्थित टिको लगाएकि बहिनी ? ज्योति गौतमकोमा खुसुक्क पस्ने शेरबहादुर देउवालाई मैले निकै पटक भेटेको छु । विराटनगर स्थित मोरङ्ग क्यापसको विद्यार्थी आन्दोलनमा मारिएका फढिन्द्र तिम्लसिनाको हत्याकाण्डमा जेलपरेका विजय गच्छेदारलाई सेन्टर जेलमा भेट्न आउँदा गिरिजाप्राद कोइरालाले महिनामा एकसय खर्च दिएको पनि मैरै आँखाले देखेको छु । यो कसरी भयो ? मलाई बुझ्न गाह्रो भयो ।

**असोज ६ गते ।** हरेक मानिसलाई कसै न कसैको डर चाहिन्छ तर नेपालमा मन्त्री हुनेहरूलाई कसैको डर छैन, किन ? किनभने जनता निरिह छन्, नेता लज्जाहीन । यहाको राजनीति सेवामुखि भन्दा ब्यापारमुखि छ । हिजोको एउटा कार्यक्रममा भू.पु. प्रधानमन्त्री माधव कुमार नेपालले भने, किन मनमोहन स्मृति अस्पतालको विरोध गर्नु ? के मनमोहनको नाम सुन्दैमा विरोध नै गर्नुपर्छ ? वा राजेन्द्र पाण्डेको नाम जोडिएकाले विरोध भैरहेको छ ? एउटा पुस्तक विमोचन कार्यक्रमा अर्थनवर्थको कुराउठाएर लोकपृयता कामउँन खोज्नु भनेको कायरहरूले गर्ने कार्य हो । अर्को महत्वपूर्ण समाचार भनेको भर्खरै सम्पन्न भएको स्थानीय तहको निर्वाचनका पदाधिकारीलाई मन्त्री आफैंले मन्त्रालयबाट गाडी किनेर दिनेअ'रे । कस्तो नकच्चरो काम ? यता स्थानीय तह स्वायत हुने विध्येयक संसदले गर्ने अर्कातिर त्यही विध्ययक विपरित मन्त्री कमिशनको चक्करमा विदेशी विलाशी गाडी खरिद गरेर मकिशनमा झुम्मिने ? यस्ता कङ्स नेताबाट देशले कहिले मुक्ति पाउने ?

**असोज ७ गते ।** यो राजधानी, काठमाडौंमा किन यत्तिको लापरर्वाही ? नजानेर हो कि जान्न नचाहेर हो ? प्रत्येक ६/६ महिनामा फोहोरका ढँगुर लाग्छन् । विश्वमा लाखौं सहरहरू छन् ती सहरहरूबाट काठमाडौं कै जसरी फोहोर उत्पादन हुन्छ र विसर्जन पनि त्यसैगरी हुन्छ तर काठमाडौं किन यस्तो एउटा दोषी सहर बन्यो ? अनुसन्धानकै विषय भएको छ । तर, होइन । यो सबै हुनाको कारण लापरर्वाही हो र गैह्रजिम्मेवारी । फोहार दुइ प्रकारका हुन्छन्, एक गल्ने र अर्को नगल्ने । गल्ने फोहोर उत्पादकले आफ्नै करेसावारीमा विसर्जन गर्न सक्छ, त्यसका लागि नगरका मेयर देखि वडा अध्यक्ष र सदश्यहरूको सकृयता चाहिन्छ । यहाँ त निर्वाचन जित्ने, पाँचवर्षमा कुस्त कुम्याउँने, त्यसपछि पाखा लाग्ने चलन छ । अनि कसरी फोहोर व्यवस्थापन होस् ? नगल्ने फोहोरमा प्रुस्तै आम्दानीको पोको झुन्डिएको हुन्छ । त्यसलाई कुनै सँगठित समूह बनाएर ठाउँठाउँमा दैनिक सँकलन गरेर भण्डारण गर्न सकिन्छ । यि भण्डारणहरूमा खरिदकर्ता आफैं थैलि बोकेर आउँछन् तर नेपालीहरूको विदेशमा श्रम बिक्री गर्ने स्वदेशमा ठालु बन्ने बाँनी परेकाले यो काम हुन सकेको छैन । यस्तो काम राजनीतिक पार्टीले पनि गर्न सक्छ तर पार्टीका कार्यकर्तालाई अर्काले श्रम गरेर जमाइदिएको घिउमा डुडुल्लो घुमाएर खाने वानी परेकाले यहाँको समश्या कहिल्यै समाधान हुँदैन, बरु मानिसहरू अन्त नपाए पनि भारतमा श्रम गर्न जालान् । आफ्नै आँगन बडार्न तयार हुँदैनन् । यो सबै हुनाको अर्को कारण श्रमको सम्मान गर्ने परम्परा नबसेर पनि हो । सरकारले यस्त कुरामा ध्यान दिनु जरुरी छ ।

**असोज ८ गते ।** यो वर्षको दशैपर्व मध्यान्न अवस्थामा पुगेको छ । रोजगारीका लागि विदेशीएका र गाउँबाट सहर पसेका अधिकाँश मानिसहरू आमाबाबुको आर्षिवाद थाप्न गाउँ फर्किने क्रम तिव्रगतिमा अगाडि बढिरहेको छ, आजको दुई या तीन दिन भित्र राजधानीका प्रायः मानिसहरू गाउँ फर्किसक्ने छन् तर दशैं के हो ? दशैंमा पूजा गर्ने, बली चढाउँने र मूर्तिपूजा गर्ने किन ? यो मामिलामा सम्पूर्ण मानिसहरू अनभिज्ञ नै रहेको पाईन्छ । कतिपयले त जवाफ पनि दिने गरेका छन्, 'कम्तिमा वर्षमा एकपटक गाउँ फर्किएर आफ्ना आमबाबुसँग भेट गर्ने अवस त यो दशैंले दिएको छ' । यतिसम्म त ठिकै छ । पशुपँक्षीको हत्या गरेर मासुको स्वाद लिनु भनेको धर्म होइन उल्टो पाप पो मान्नुपर्छ त । हिन्दू धर्ममा कही तै लेखिएको छैन, 'वली चढाउ र धर्म गर' भनेर । त्यसमाथि हिन्दू धर्मले त वली प्रथालाई जघन्य अपराध नै मानेको छ, अतः हामी नेपालीहरू धर्मका नाममा जघन्य अपराध गरिरहेका छौं । रोकौं यो बली प्रथालई । धर्म मान्नै छ भने फूल नै सबैभन्दा पवित्र बली हो ।

## आलोपालो

# किन चाहन्छ उत्तर कोरिया आणविक हतियार ?



• प्रतीक सिग्देल •

अहिले विश्वको ध्यान कोरियाली प्रायद्वीपमा केन्द्रीत छ । कोरियाली प्रायद्वीपमा पछिल्लो समयमा देखिएको तनावले कुनै एक पक्षको सानो सनकले पनि कतिबेला खतरनाक युद्धको बिजारोपण हुन्छ भन्ने कुरा कसैले अनुमान समेत गर्न नसक्ने अवस्था छ । खासगरी उत्तर कोरिया र अमेरिका, जापान, दक्षिण कोरियालगायतका साम्राज्यवादी मुलुकहरूबीचको अन्तर्विरोधका कारण फेरि पनि कोरियाली क्षेत्रमा युद्ध हुने त होइन भन्ने चिन्ता छाएको छ । यो चिन्ता हुनु स्वाभाविक यस अर्थमा छ कि यही कोरियाली युद्ध तेस्रो विश्व युद्धमा परिणत हुने सम्भावना बढेर गएको छ । यो डरलाग्दो स्थिति सिर्जना हुनुका पछाडि दुईवटा कारण छन् :- एउटा, एकपछि अर्को गरी उत्तर कोरियाले गरेको शक्तिशाली परमाणुको सफल परीक्षण र अर्को, साम्राज्यवादी शक्तिहरूको नवऔपनिवेशिक नीति, सामरिक दम्भ र युद्ध उन्माद ।

अमेरिका लगायतका केही साम्राज्यवादी मुलुकहरूको विरोध र राष्ट्रसंघको परमाणु परीक्षण रोक्न थोपरिएका केही कठोर आर्थिक र कुटनीतिक प्रतिबन्धका बाबजुद उत्तर कोरियाले छैठौं आणविक बमको सफलतापूर्वक परीक्षण गऱ्यो । सो हाइड्रोजन बमको परीक्षण उत्तर कोरियाले गरेको हालसम्मकै शक्तिशाली बम हो । परमाणु परीक्षण नरोके सैन्य आक्रमण गर्न वाध्य हुने अमेरिकी चेतावनीको अवज्ञा गर्दै उत्तर कोरियाले अमेरिकी सैन्य शक्तिसँगको बराबरीमा आाफ्नो सैन्य क्षमता वृद्धि गर्न जस्तोसुकै तरिका अपनाउन परे पनि पछि नहट्ने घोषणा गरेको छ । यो भनाइबाट जुनसुकै स्थितिमा पनि कोरिया परमाणु परीक्षणबाट पछि नहट्ने प्रष्ट हुन्छ । आखिर उत्तर कोरिया किन चाहन्छ यत्तिका शक्तिशाली परमाणु हतियार ? यसका लागि निम्नानुसारका तथ्यहरू बारे जानकारी लिनु आवश्यक छ ।

**उत्तर कोरियाको उदयः**

दोस्रो विश्वयुद्धअघि कोरिय जापानी साम्राज्यवादको प्रत्यक्ष उपनिवेश थियो । विश्वयुद्धमा जापानको पराजय पश्चात १९४८ मा ३८० अक्षांशदेखि उत्तर तर्फको भूभागमा सोभियत संघका समर्थकहरूको र दक्षिणतर्फको क्षेत्रमा अमेरिकी साम्राज्यवादका समर्थकहरूको सत्ता स्थापित हुन गए । पछि ती सरकारका बिचको द्वन्द्व रुस र अमेरिकाका बिचको अन्तरविरोधमा परिणत भयो र कोरियामा युद्ध सुरु भयो । किम ईल-सुङ्गको नेतृत्वमा उत्तर कोरियाका देशभक्तहरूले अमेरिकी साम्राज्यवादका विरुद्ध भीषण संघर्ष गरे । चीन र रुस कोरियन कम्युनिस्टहरूको पक्षमा उभियो । युद्धको अन्त्यपछि उत्तर कोरियामा जनगणतन्त्र स्थापना भयो र दक्षिण कोरियामा अमेरिकी कठपूतलीहरूले आफ्नो शासन सत्ता स्थापना गरे । त्यहाँ देखि आजसम्म अमेरिकाले दक्षिण कोरियामा आफ्नो सैन्य अखडा निर्माण गरेर उत्तर कोरियालाई आफ्नो नियन्त्रणमा राख्ने प्रयास गर्दै आएको छ ।

सन् १९८५ मा उत्तर कोरियाले परमाणु हतियार वृद्धि नगर्ने सन्धी (Nuclear Non-Proliferation Treaty) मा हस्ताक्षर गरेको थियो । तर, अमेरिकाले दक्षिण कोरियाको आफ्नो सैन्य अखडा मार्फत उत्तर कोरियाको राष्ट्रिय स्वाधिनतामाथि हस्तक्षेप बढाउँदै लगेको सन्दर्भमा सन् २००२ मा उत्तर कोरियाले उक्त सन्धीबाट औपचारिक रूपमा नै बाहिरिने निर्णय लिएर परमाणु हतियार बनाउने प्रक्रियामा प्रवेश गऱ्यो । फेब्रुअरी २००५ मा पहिलोपल्ट उत्तर कोरियाले परमाणु हतियार बनाएको घोषणा गरेको थियो । त्यसपछि अमेरिका, राष्ट्रसंघ र साम्राज्यवादी मुलुकहरूका विरोध र नाकाबन्दीका वावजुद पनि उत्तर कोरियाले आफ्नो कार्यक्रमलाई निरन्तरता दिइरहेको छ ।

दक्षिण कोरियामा अमेरिकाले आफ्नो सैन्य अखडालाई बलियो बनाउँदै लगेको छ । यो स्थितिमा उत्तर कोरियाले आफूमाथि जतिबेला पनि आक्रमण हुन सक्छ भन्ने ठान्दछ । अमेरिकाको सहायतामा दक्षिण कोरियाले गर्ने प्रत्यक्ष सैन्य आक्रमणबाट बच्नको निम्ति अथवा आत्मरक्षाका लागि परमाणु हतियार उत्पादन गर्दै आएको कुरा उत्तर कोरियाली नेताहरूले भन्दै आएका छन् । यसलाई उत्तर कोरियाको मात्रै गल्ती भनेर औंल्याउनै मिल्दैन ।

आर्थिक सहायताको प्रलोभनमा पारेर कुनै देशको शासकसँग परमाणु कार्यक्रम रोक्न सम्झौता गर्ने र कालान्तरमा सोही देशका शासकलाई सत्ताच्युत गराएर आफ्ना दलाललाई सत्ताशिन बनाउने साम्राज्यवादीहरूले धेरै पहिल्यै देखि प्रयोग गर्दै आएको नीति हो । उत्तर कोरियाली नेताहरूले यसलाई राम्ररी बुझेका छन् । उत्तर कोरियाको परमाणु हतियारप्रतिको लगाव वाह्य शक्तिको आक्रमणबाट बच्न नभएर विरोधी देशमाथि आक्रमण गर्नका लागि हो भन्ने राजनीतिक विश्लेषकहरूको ठम्याई रहेको छ । विजिनेश इन्साइडर पत्रिकाका सैन्य एवम् अन्तर्राष्ट्रिय नीतिसम्बन्धी कोलमनिष्ट एलेक्स लक्की लेख्छन्, 'उत्तर कोरियाले आत्मरक्षाका लागि मात्र नभई आक्रमणको लागि परमाणु हतियार चाहेको छ, ता कि भविष्यमा कोरियाली प्रायदीपलाई किम शासनको मातहतमा पुनः एकीकरण गर्न सकियोस् ।'

बाह्य आक्रमणका लागि होस् या आक्रमणको प्रतिरोधका लागि, यतिबेला उत्तर कोरियाली शासक परमाणु हतियारको सफल परीक्षणबाट ढुक्क भएका देखिन्छन् । तर यसको विपरित, साम्राज्यवादी नाइके अमेरिकी राष्टपति डोनाल्ड ट्रम्प यसबाट निकै आक्रोसित भएका छन् । परमाणु हतियारमा केही मुट्ठीभर साम्राज्यवादीको एकाधिकारलाई तोड्ने उत्तर कोरियाको यो साहस मुख्यतः अमेरिकी साम्रज्यवादका लागि एउटा ठूलो चुनौती हो । अमेरिकाले उत्तर कोरियामाथिको आर्थिक प्रतिबन्धलाई अझ फराकिलो पारेर किम शासनमाथि परमाणु हतियारको परीक्षण स्थगन गर्न चर्को दबाब दिइरहेको छ । तर, उत्तर केरिया भने आफ्नो मिसनबाट दायावाया गर्ने देखिंदैन । यही अन्तरविरोधका कारण कोरियाली प्रायदीपमा यतिबेला युद्धको कालो बादल मडारिइरहेको छ । अमेरिकाले होस वा उत्तर कोरियाले अथवा अन्य कुनै देशले गरेको होस्, आणविक हतियारको निर्माण र त्यसको परीक्षण मानवता विरोधी कार्य हो । यसलाई कुनै पनि अर्थमा स्वीकार गर्न सकिन्न । अर्को कुरा, अमेरिका तथा रुस जस्ता शक्ति सम्पन्न देशहरूले सञ्चय गरेको आणविक अस्त्र भण्डार प्रति अनदेखा गर्ने तर उत्तर कोरियाले गरेको परीक्षणको खोईरो खन्ने प्रवृत्ति जुन केही स्वघोषित बुद्धिजीविहरूमा देखिने गरेको छ त्यो साम्राज्यवादको दलाली बाहेक अरु केहि होईन । यसले समस्यालाई समाधान नगर्ने मात्र होईन अरु चर्काउने कुरा स्पष्ट छ ।

विकसित वा अल्पविकसित जुनसुकै देशले होस् नरसंहारकारी आणविक हतियारको निर्माण, परीक्षण र भण्डारण गर्नु हुदैन । यो जनविरोधी कुरा हो । यसको विरोध गर्नु पर्छ । आणविक हतियार निर्माण गर्ने र त्यसको प्रयोग गर्ने कुरा अमेरिकाका लागि कुरा क्षम्य हुने, उत्तर कोरियाले त्यही काम गरे अक्षम्य हुने यस्तो अन्याय कसैले गर्नु हुंदैन । अमेरिकाले भण्डारण गरेको आणविक अश्त्र र उसले स्थापना गरेको सैन्य अखडाबाट उत्तर कोरियाको राष्ट्रिय स्वाधिनतामा खतरा हुन्छ भने त्यसको प्रतिरक्षा गर्ने अधिकार उत्तर कोरियासंग छ र त्यो हुनु पर्दछ । यो उत्तर कोरिया बाहेक अन्य राष्ट्रका लागि पनि त्यत्तिकै सत्य हो ।

अहिले कोरियाली प्रायद्वीपको संकटलाई लिएर विश्व ध्रुवीकृत बन्दै गएको छ । चीन, रुस जस्ता शक्तिशाली मुलुकहरूले कोरियाली तनावलाई छलफल र शान्तिपूर्वक तरिकाबाट समाधान गर्नु पर्छ भनेका छन् । यो मूलतः सही छ । उता अमेरिकाले नेतृत्व गरेको साम्राज्यवादी मुलुकहरूले भने सैन्य आक्रमण गरेरै भएपनि उत्तर कोरियालाई परमाणु हतियारबाट अलग गर्नुपर्दछ भन्ने ठान्दछन् । अहिलेको स्थितिमा उत्तर कोरियामाथि सैन्य आक्रमण गर्नु भनेको तेस्रो विश्वयुद्धको ट्रिगर दबाउनु बराबर हो । यो स्थितिमा उत्तर कोरियाको राष्ट्रिय स्वाधिनताको सम्मान गरिंदैन, समस्याको शान्तिपूर्ण समाधान खोजिंदैन र अमेरिका तथा उसको गठबन्धनले उत्तर कोरियालाई निशस्त्रीकरण गर्ने बहानामा सैन्य हस्तक्षेप गर्दछ भने त्यसले निम्त्याउने तेस्रो विश्वयुद्धको एकमात्र जिम्मेवार अमेरिकी साम्राज्यवाद हुनेछ, उत्तर कोरिया होइन । अमेरिकालाई मात्र होईन उत्तर कोरियालाई पनि आफ्नो देशको राष्ट्रिय स्वाधिनताको रक्षागर्ने अधिकार सुरक्षित छ ।


**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूका साथै सम्पूर्ण वडावासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**बराह ज्वेलरी इ.प्रा.लि. परिवार**

गंगा कालिकोटे, (प्र.प्र. अधिकृत)

धरान-१२, ०२५-५३१२२२

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हरिश विष्ट (वडाध्यक्ष)

**शुक्लाफाँटा नगरपालिका परिवार**

वडा नं. १, कञ्चनपुर

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बहादुरसिंह महरा (वडाध्यक्ष)

**शुक्लाफाँटा नगरपालिका परिवार**

वडा नं. ८, कञ्चनपुर

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नरेन्द्र चौधरी (वडाध्यक्ष)

**शुक्लाफाँटा नगरपालिका परिवार**

वडा नं. ३, कञ्चनपुर

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जगतबहादुर सिंह (वडाध्यक्ष)

**शुक्लाफाँटा नगरपालिका परिवार**

वडा नं. ७, कञ्चनपुर

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हुनैनाथ बालविद्यालय परिवार**

भि.न.पा.-२,उल्टारवाम कञ्चनपुर

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

धनबहादुरसिंह महरा (प्राचार्य)

**सिद्धवैजनाथ मा.वि. परिवार**

शुक्लाफाँटा न.पा.-१, कञ्चनपुर

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सरिता चौधरी (प्राचार्य)

**जनज्योति आधारभूत विद्यालय परिवार**

शुक्लाफाँटा न.पा.-३, जौनापुर, कञ्चनपुर

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गणेशबहादुर चन्द (प्राचार्य)

**राष्ट्रिय मा.वि. परिवार**

कृष्णेश्वर न.पा.-१, कञ्चनपुर

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण वडावासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो.अनुप देवान

**एल्मुनियम आर्किटेक्ट परिवार**

धरान-१२, मो.९८४२०३८२९३

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली (बलिहाङ तङनाम) एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीवहिनीहरूका साथै सम्पूर्ण वडावासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**न्यू ड्रिमल्याण्ड होटल एण्ड लज परिवार**

धरान-१९, फोन ०२५-५२५०२४

**शुभकामना**

विजया दशमी तथा शुभ-दीपावली एवं छठको विशेष अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विगत १५ वर्षदेखि घरजग्गाको कारोबारमा अत्यन्तै विश्वासिलो र भरपर्दो संस्था**




**गौली ग्रुपको विशेषताहरू**

१. शून्य रकममा घडेरी पास गर्न सकिने ।
२. आफूले चाहे जति मोहडाका घडेरी लिन सकिने ।
३. नगर विकासको आधारभूत मापदण्ड पूरा गरिएको ।
४. बिजुली, खानेपानी र टेलिफोनको सुविधा भएको ।
५. फराकिलो बाटो भएको ।
६. रकम कम हुनेको लागि फाइनान्सको सुविधा भएको ।
७. सरल ढंगले घडेरी पास गर्न सकिने ।
८. गौली ग्रुपसँग घडेरी खरिद गर्ने ग्राहकले उक्त घडेरी पुनः बिक्री गर्न चाहेमा मुनाफा दिई संस्थाले नै खरिद गर्ने साथै अर्को घडेरीसँग एक्सचेञ्ज पनि गर्न सकिने ।

**गौली ग्रुप डेभलपर्स प्रा.लि.**

भरतपुर चितवन, फोन ०५६-५२०९३७,
इमेल : gauligroup@gmail.com





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।